'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

# अर्हत ३२

वर्ष ७, अंक १ | बुद्ध सम्वत् २५६३ | ने.सं. ११३९ बछला थ्व | वि.सं. २०७६ जेठ ४ स्वाँया पुन्ही






# हार्दिक शुभकामना

२५६३ औं बुद्ध जयन्तिया लसताय् सकल नेपामि पिन्त भिन्तुना ।

लुँः वहया तिसाज्वलंया नापं थीथी राशी अनुकुलया पत्थरया विस्वसनीयताया नितिं

(विजेन) रत्नायन ज्यासः पसः
विजयरत्न शाक्य
६६१२६७५

रत्नायन ज्वेलरी
शाक्यन शाक्य
६६१०२५४





# हार्दिक शुभकामना

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा '**स्वाँ या पुन्ही**' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वागीश्वरी माध्यमिक विद्यालय/कलेज**
च्याम्हासिंह, भक्तपुर, फोन नं. ६६१०२७०, ६६१४३९१, ६६१३०४१

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आरचण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

*साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट*

# अर्हत

त्रैमासिक

वर्ष ७ | अङ्क १ | पूर्णाङ्क ३२ | नेसं ११३९ बछला थ्व

शक सं. १९४० | २०७६ जेठ ४ | बुद्ध सं. २५६३

सल्लाहकार

रत्नसुन्दर शाक्य

चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

बालमुकुन्द बासुकला

आवरण फोटो

तुल्सीकाजी मानन्धर

विज्ञापन सङ्कलक

लक्ष्मीप्रसाद रंजित

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

मुद्रण

सिद्धि गणेश अफसेट प्रेस

चोर्चा-७, भक्तपुर

Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०।-


# सम्पादकीय

वर्तमान नेपाली समाजमा शोषण, दमन, हत्या हिंसा, चोरी-डकैती, बलात्कार, छुवाछूत र अन्धविश्वासजस्ता, खराब प्रवृत्तिहरू, व्याप्त छन् । यस प्रवृत्तिबाट नेपाली समाज आक्रान्त छ । यस्ता प्रवृत्तिहरू अन्त्य गरी स्वच्छ समाज स्थापना गरी शान्ति कायम गर्नुपर्ने विचार समाजमा विद्यमान छन् र यस्ता प्रवृत्तिलाई यथावत राखी समाजलाई दुःखबाट छुट्कारा नदिई अशान्ति फैलाइरहनुपर्ने विचार पनि हाम्रा समाजभित्र छन् । यसकारण हामी भन्ने गर्छौं, हाम्रो समाज वर्गीय समाज हो ।

समाजमा शान्ति स्थापना गर्न चाहने वा नचाहने वर्गको बीचमा सङ्घर्ष छ । यसलाई हामी वर्गसङ्घर्ष भन्ने गर्छौं । यस वर्गसङ्घर्षमा जुन वर्गले सफलता प्राप्त गर्यो त्यसले आफ्नो विचार वा स्वार्थ लागू गर्छ भन्ने कुरा हामीले अनुभव गरेका छौं । आज हाम्रो देशमा अशान्ति चाहनेको स्वार्थ पूरा भएको छ । त्यसकारण नेपाली समाजमा दुःख छ अशान्त छ ।

बुद्धकालीन समाजमा पनि यस्तै खराब प्रवृत्तिहरू रहेको कुरा बुद्धकालीन इतिहासबाट थाहा पाउँछौं । महामानव गौतम बुद्धले शान्तिको लागि पञ्चशील प्रतिपादन गर्नुभयो । बुद्धद्वारा प्रतिपादित 'पञ्चशील' प्रार्थना गरी व्यवहारमा लागू गर्नसके वर्तमान नेपाली समाजमा सुख शान्ति स्थापना हुने विश्वास बौद्ध दर्शन अध्ययन समाजको छ ।

आज वैसाख पूर्णिमाको दिन हो । आजकै दिनमा सिद्धार्थको जन्म, बुद्धत्व प्राप्त र महापरिनिर्वाण भएको पवित्र दिन हो । आजको दिनलाई त्रिसंयोगयुक्त दिन मानिएको छ । हामीले यो पवित्र दिनमा बुद्धको मूर्तिलाई मात्र धूप, अक्षता र अबिरले पूजा नगरी बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्न सिकौं ।


पाठक महानुभावहरू !

अर्हत् त्रैमासिक वर्ष ६ नाघेर वर्ष ७ मा टेकेको यो नयाँ अङ्क हो । नयाँ अङ्क प्रकाशित गर्न पाएकोमा सम्पूर्ण सहयोगी हातहरू, विज्ञापनदाता साहुमहाजनहरू विभिन्न विद्यालय र कलेजका गुरु वर्गहरू, विभिन्न सङ्घ-संस्थाका मित्रहरू तथा पाठक वर्गहरूमा बुद्ध संवत् २५६३ को अवसरमा सुस्वास्थ तथा प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु ।

अस्तु !

'भवतु सब्ब मङ्गल'

# बुद्धको विचार



✍ भिक्षु अश्वघोष

बुद्धधर्मलाई बुद्धको विचार भन्नु उचित ठान्दछु । किनकि दर्शनशास्त्र र अरु धर्मअनुसार धर्ममा ईश्वर, आत्मा र पुस्तक पूजालाई महत्त्वपूर्ण स्थान दिएको छ, तर बुद्धधर्ममा न ईश्वरलाई मान्यता छ, न आत्मालाई तथा पुस्तक पूजालाई पनि स्थान छैन । अरु स्वतन्त्र चिन्तनलाई महत्त्वपूर्ण स्थान दिइएको छ । आफ्ना शिष्यहरूलाई बुद्ध भन्नुहुन्थ्यो - **"जसरी सुनलाई पहिले पोलेर, पिटेर, कसौटीमा घोटेर जाँच्नु पर्दछ, अनिमात्र चित्त बुझेपछि ग्रहण गर्नुपर्दछ, उसैगरी मेरा वाणीहरूलाई पनि कसीमा घसेर मात्र ग्रहण गर्नुपर्दछ । केवल भक्तिका भरमा ग्रहण गर्नुहुँदैन ।"** त्यसैले बुद्धले प्रचार गर्नुभएको उपदेशलाई बुद्धको विचारधारा भन्नु उपयुक्त छ ।

अब जाऔँ बुद्धधर्मलाई किन बुद्धवाद भन्नेतिर । म यहीं अंगुत्तरनिकाय ग्रन्थलाई आधार मानेर आफ्नो विचार व्यक्त गर्न उचित ठान्दछु ।

एकदिन गौतम बुद्धले भिक्षुहरूलाई संगठित गरी भन्नुभयो - 'भिक्षुहरू अबौद्धहरूमा तीन प्रकारका विश्वास र वाद छन् 'जुन कि, पण्डितहरूले उनीहरूसित वाद-विवाद गरी सकेपछि आखिरमा उनीहरूको वाद केही लाभदायक सिद्ध भएन । जनहितको निम्ति उपयुक्त भएन ।'

ती तीन वादको व्याख्या गर्नुहुँदै तथागतले भन्नुभयो -**"एक थरी श्रमण-ब्राह्मणहरूको वाद हो- मानिसले जुनसुकै सुखदुःख अनुभव गर्दछ, त्यो सबै पूर्वकर्मको फलस्वरुप हो भन्ने कुरामा विश्वास गर्दछ ।"**

दोस्रो हो- मानिसले जुनसुकै सुखदुःखको भोग गर्छ, त्यो सबै ईश्वरको लीला र कृपाले हो, अरु कुनै कारणले होइन ।

तेस्रो विश्वास हो- हेतु र कारण बिना नै मानिसले सुखदुःखको अनुभव गर्दछ । (अहेतुवाद)

गौतम बुद्धले भिक्षुहरूलाई भन्नुभयो - भिक्षुहरू, सबै प्रकारका सुखदुःखको अनुभव पूर्वजन्मको फलस्वरुप हुन्छ भन्ने विश्वासीहरूसित मैले सोधें -"साँच्चै नै पूर्वकर्मको फलस्वरुप नै सबै घटना हुने हो भने व्यभिचार, हिंसा, चोरी, झूटो बोल्नु, ईर्ष्या गर्नु, चुक्लिखोर बन्नु, झगडालु हुनु, लोभी र कंजुस हुनु, मिथ्यादृष्टि हुनु पनि पूर्वकर्मको फल अनुसार नै हुनुपर्छ । त्यसो हो भने तिनीहरूले

उपदेश दिइरहेको केही काम लागेन कि, संयमी हुनुपर्छ दान दिनुपर्छ, सज्जन हुनुपर्छ, हिंसा गर्नु हुँदैन । किन कि, जुन कुरा हुने हो, त्यो सबै पूर्वकर्म स्वरुप नै हुनुपर्दछ । अनि उनीहरूले जवाफ दिन सकेनन् । अत: भिक्षुहरू ! पूर्वकर्मवादी सिद्धान्त ठीक छैन, निन्दनीय हो, प्रशंसनीय छैन ।

त्यस्तै मानिसले जुनसुकै सुखदु:ख अनुभव गर्छ, त्यो सबै ईश्वरको लीला हो भने माथि उल्लेख भएजस्तै सारा अत्याचार भइरहेको ईश्वरको नै काम हो । यो सबै ईश्वरको महिमा हो भने सत् उपदेश दिने र धर्म प्रचार गर्ने काम व्यर्थ हुन जानेछ । यो कुरा सुनेपछि उनीहरू नाजवाफ भए । त्यसैले ईश्वरवाद पनि निन्दनीय छ, व्यर्थ छ र निरर्थक पनि ।

अर्कोवाद छ अहेतुवाद । उनीहरूलाई मैले भनें- मानिसले सबै प्रकारका पापाचार गरिरहेको हेतु र कारण बिना नै हो भने, सदाचार र नैतिकताको शिक्षा दिनु पनि व्यर्थ छ । अत: यो वाद पनि निन्दनीय छ ।

भिक्षुहरू ! मैले दिएका उपदेश तथा विचारलाई कसैले निन्दा गर्न सक्दैन र अप्रशंसनीय पनि छैन । कुनै पनि श्रमण-ब्राह्मणहरूले दोष दिन सक्दैनन् ।

भिक्षुहरू ! मेरो उपदेशमा छ धातुका कुरा विद्यमान छन् । पृथ्वीधातु, आपोधातु, तेजोधातु, वायोधातु, आकाशधातु र विज्ञानधातु ।

मैले दिएको उपदेशमा (विचारमा) ६ स्पर्शायतन छन्:- चक्षुस्पर्शायतन, स्रोतस्पर्शायतन, घ्राणस्पर्शायतन, जिह्वास्पर्शायतन, कायस्पर्शायतन र मनस्पर्शायतन ।

मैले दिएका उपदेशमा मनको अठ्ठार अवस्थाको कुरा छ - आँखाले रुप देख्नासाथ प्रसन्न हुने, रीस उठ्ने र उपेक्षाभाव हुने । त्यस्तै कानले शब्द सुनी, जिब्रोले रस लिई, शरीरले स्पर्श गरी र मनले विचार गरी प्रशन्न हुने, अप्रसन्न हुने र उपेक्षा हुने ।

मेरो विचारधारामा चार-आर्यसत्यको कुरो छ, 'जुन कुरोलाई पनि श्रमण-ब्राह्मणहरूले दोष दिन सक्दैनन् । किनकि-६ धातु भएकाले गर्भधारण हुन्छ । गर्भधारण भइसकेपछि नाम-रुप हुन्छ । नामरुपले गर्दा ६ आयतन हुन्छ । (आँखा आदि) ६ आयतनले गर्दा स्पर्श हुन्छ । स्पर्शले गर्दा वेदनाको अनुभव हुन्छ । वेदनाले गर्दा सुख-दुख मनपर्छ, मनपर्दैन भावना हुन्छ । त्यसैलाइ नै मैले दु:ख भनेको छु । म भन्छु- दु:खको कारण छ, दु:खलाई अन्त गर्न सकिन्छ र दु:खलाई अन्त गर्ने बाटो छ ।

दु:ख के हो ? जन्मको कारणले आवश्यक चीज चाहियो । त्यो चीज प्राप्त गर्न संघर्ष, मन नमिल्नेसँग व्यवहार गर्नु र बस्नु, प्रियहरूसँग वियोग भएर बस्नु, ईच्छा लागेको वस्तु नपाउनु दु:ख हो । संक्षेपमा रुप, वेदना, संज्ञा, संस्कार अनि विज्ञान यी पञ्चोपादनस्कन्ध (समूह) नै संघर्षमय हो ।

दु:खको कारण के हो ? अविद्या (अज्ञानता) ले गर्दा संस्कार, संस्कारले गर्दा विज्ञान, विज्ञानले गर्दा नाम-रुप (शरीर र मन), नामरुपले गर्दा ६ आयतन, ६ आयतनले गर्दा स्पर्श, स्पर्शले गर्दा वेदना, वेदनाले गर्दा तृष्णा, तृष्णाले गर्दा उपादान (लिनु र संग्रह गर्नु), उपादनले गर्दा भव (संसार), भवले गर्दा जन्म हुनु, बुढो हुनु, रोगी हुनु, अनि संघर्ष गर्दागर्दै मर्नु, दु:ख तथा मानसिक चिन्ता दिकदार हुनु । भिक्षुहरू ! यी (जति भएपनि नपुग्ने तृष्णा) कुरालाई नै दु:ख समुदय (दु:खको कारण) आर्यसत्य भन्दछन् ।

दुःखनिरोधसत्य के हो ? अविद्यालाई नाश गरी दियो भने संस्कार (कुबानी) नाश हुन्छ । संस्कार खतम भएपछि विज्ञान खतम हुन्छ । विज्ञानको अन्तपछि नाम-रुप ध्वस्त हुन्छ । नाम-रुप ध्वस्त भएपछि आयतन समाप्त हुन्छ । आयतन नष्ट भएपछि स्पर्श निश्क्रिय हुन्छ । स्पर्श निश्क्रियपछि वेदना रहँदैन । वेदना नरहेपछि तृष्णा उठ्दैन । तृष्णा (जति भएपनि नपुग्ने) नउठेपछि उपादन (ग्रहण गर्न र स्वाद लिने आशा) को अस्तित्व नै समाप्त हुन्छ । उपादान नरहेपछि भव (संसारको अनावश्यक गतिविधि) हुँदैन । अनि नाना प्रकारको संघर्ष हुने छैन किन कि दुःखको कारण अन्त हुन्छ । यसैलाई दुःखनिरोध भन्दछन् ।

दुःखनिरोध मार्गसत्य (दुःख अन्त गर्ने बाटो) के हो ? सम्यक् दृष्टि (ठीक समझदारी), सम्यक् संकल्प (ठीक उद्देश्य), सम्यक् वचन (ठीक कुरा गर्नु) सम्यक् कर्मान्त (ठिक निर्दोष काम) सम्यक आजीव (ठीक जीवन) सम्यक व्यायाम (ठीक प्रयत्न), सम्यक् स्मृति (ठीक होश), सम्यक् समाधि (ठीक एकाग्रता) ।

यही आर्य अष्टाङ्गिकमार्गलाई दुःखनिरोध मार्गसत्य भन्दछन् । भिक्षुहरू ! मैले दिएको उपदेश र विचार यही हो । यसैलाई बुद्धको विचार भन्दछन् । यस विचारलाई कसैले दोष दिन सक्दैन । यो पूर्णसत्य कुरा हो ।

बुद्धधर्म के हो भन्ने बुझनको निमित्त अरू केही कुरा प्रस्तुत गर्दछु । केहि वर्षअघिको कुरा हो । लङ्काका महान् विद्वान् श्री विमलवंश महास्थविर नेपालमा आउनुभएको थियो । वहाँलाई पाटन श्री सुमङ्गल विहारमा लगेको थिएँ । त्यहाँ पुगेपछि भिक्षु बुद्धघोष महास्थविरले एक दुई प्रश्न सोध्नुभयो । पहिलो प्रश्न थियो - नेपालमा बुद्धधर्म प्रचारको लागि के गर्नुपर्छ ? महास्थविर ज्यूले भन्नुभयो सर्वप्रथम बुद्धधर्मलाई अर्थ र धर्म अनुसार बुझ्नु परेको छ । बुद्धले भन्नुभएको छ- 'अत्थेन धम्मेन देसेतुं' यहाँ अर्थ भनेको महत्वपूर्ण छ । मानिसहरूको आर्थिक जीवनसित सम्बन्ध छ । धर्मको माने इमान्दारी र निर्दोषी भई काम गर्नु । दुःखी र गरिबी जीवनले निर्वाण लाभ गर्न सक्तैन । विलासमय जीवनले पनि निर्वाण प्राप्त गर्न सक्दिैन । सुखमय जीवन (विलासमय होइन) ले निर्वाण प्राप्त गर्नसक्छ । त्यसैले दुःखी जीवनबाट मुक्त हुन आर्थिक जीवन राम्रो हुनुपर्छ । फेरि भन्नुभयो- विशेषतः बर्मामा बुद्धधर्मलाई आर्थिक दुष्टीले ग्रहण नगरी नसम्झी परम्परागत धर्मको रूपमा मानिरहेका छन् । श्रीलङ्का र थाइलैण्ड आदि बौद्ध देशहरूमा पनि त्यस्तै हो । धर्ममा लागे पनि मानिसहरूको जीवन अशान्त र पतन हुँदै गइरहेको छ । धनी मानिस पनि दान दिँदादिदै गरीब भएको उदाहरण बुद्धकालीन अनाथपिण्डिक महाजनलाई लिन सकिन्छ र यसको खास कारण आर्थिक जीवनतिर ध्यान नदिएकोले हुनगएको हो । अतः हामीले आय अनुसार व्यय गर्न सिक्नु पर्छ, मितव्ययी हुनुपर्छ ।

फेरी महास्थाविरज्यूले भन्नुभयो- आर्थिक जीवन उन्नतिको लागि तथागतले गृही-प्रतिपदा (गृहस्थहरूले गर्नुपर्ने विधिविधान) मंगल-सूत्र, व्यग्घपद्य-सूत्र, सिगालोवाद-सूत्र, वसल-सूत्र र पराभव-सूत्र आदि अनेक उपदेश दिनुभएको थियो, जुन गृहस्थ जीवन उन्नति र समृद्धि निमित्त अत्यावश्यक हुन आउँछ ।

उहाँको कुरा सुनी मलाई साह्रै खुशी लाग्यो । कारण बुद्धधर्मलाई आर्थिक दृष्टिकोणले

ग्रहण गर्नु परेको छ । न कि अन्य धार्मिक प्रक्र्याहरू तथा विभिन्न प्रकारका नारावादले मात्र ।

अब प्रश्न छ- आर्थिक दृष्टिकोणले बुद्धधर्मलाई कसरी अपनाउने ? यदि कसैले बुद्धधर्मलाई आदर्शवाद- नैतिकवाद हो र जनजीवन तथा समाजको आर्थिक जीवन उन्नतिसित यसको केही सम्बन्ध छैन भन्छ भने त्यसो भन्नु उचित हुँदैन । उसको दृष्टि मिथ्या दृष्टि हो अर्थात् उसले गलत तरिकारबाट बुद्धधर्मलाई अपनाइरहेको छ । गौतम बुद्धले त जन कल्याणतिर नै बढ्ता ध्यान दिनुभएको थियो । यो अवश्य हो, बुद्धको विचार अनुसार मानिसको जीवन सुखमय हुनलाई पवित्र भावना हुनुपर्छ । हृदय पवित्र नभइकन जुन काम गरेतापनि प्रतिफल राम्रो हुन सक्दैन, अनि आध्यात्मिक अशान्ति । तर बुद्धले यो पनि भन्नुभएको छ- मानिसको आध्यात्मिक (मानसिक) शान्ति भौतिक र सामाजिक तथा आर्थिक व्यवस्थापनमा निर्भर हुन्छ तथा परिस्थिति र वातावरणमा भर पर्छ ।

बुद्धधर्मले यो कहिले पनि विश्वास गर्दैन कि भौतिक पदार्थ र जीवनको मात्र उन्नति गर्नु मानिसको लक्ष्य हो । भौतिक सुखसम्पत्ति प्राप्त गर्नु मात्र लक्ष्य होइन । तैपनि बुद्धधर्म आर्थिक, सामाजिक र राजनैतिक जीवनबाट टाढा छैन । बुद्धधर्म राजनीति होइन तर राज्य कसरी चलाउनु पर्छ भन्ने उपाय र बाटो बुद्धधर्मले देखाएको छ । तर बुद्धधर्मलाई यसरी बुझ्नेहरू मुट्ठिभर मात्र छन् । बहुसंख्यक बौद्धहरू बुद्धधर्मलाई पुरोहितवाद बनाउने पक्षमा छन् र देखिएकै पनि छ ।

**'दीघनिकाय'** नामक ग्रन्थमा उल्लिखित **चक्कवत्तिसिंहनाद-** सूत्रमा स्पष्टरूपमा बुद्धले भन्नुभएको छ- सबै प्रकारका अपराध, भ्रष्टाचार, हत्या, चोरी आदि अनैतिकताको कारण (दलिद्दभावो) गरीबी र निर्धन हो । पहिले पहिले राजा आदि शासक वर्गहरूले यस्तो किसिमको अपराध अन्त गर्नको निमित्त सजाय र दण्ड-विधानको सहारा लिन्थे । दण्ड दिइरहेका पनि देखिन्छ । त्यही दीघनिकायको **कुटदन्त-सूत्र**मा उल्लेख भएको छ- अपराध र भ्रष्टाचार रोक्नलाई सजाय र दण्ड-विधानले कहिले पनि सफल हुन सक्तैन । यो दण्ड-विधान एकदम गलत तरिका हो, अनि अपराध र चोरी डाँका आदि खतम पार्नको निमित्त गौतम बुद्धले के सुझाव दिनुभएको छ भने- सर्वप्रथम जनताको आर्थिक जीवन सुधार्नु पर्छ । आर्थिक जीवन कसरी समुन्नत पार्ने ? खेती गर्ने किसान वर्गलाई खेतीको सामान र बिउ आदि वितरण गरिदिनु पर्छ । व्यापार गर्न चाहनेलाई पुँजी र साधन तथा सुरक्षाको व्यवस्था गरिदिनुपर्छ । जसले गर्दा सबै व्यापारमा संलग्न हुन सकुन् । जागिरदार र मजदुर वर्गलाई खानलाई पुग्नेगरी तलब र भत्ता दिनु पर्दछ । यसरी जनतालाई साधन र काममामको व्यवस्था भयो भने आम्दानीको श्रोत उपलब्ध हुन्छ, अनि आर्थिक चिन्ताबाट मुक्त हुन्छ । जहाँ आर्थिक चिन्ता रहँदैन, त्यहाँ कहाँबाट अपराध र भ्रष्टाचार आउँछ । अशान्तिको ठाउँमा शान्ति ! शान्ति !! अनि सबै प्रकारको अपराधले त्यस देशबाट सदाको लागि बिदा लिइहाल्छ र आफै धर्मराज्यको स्थापना हुन्छ । त्यसैले गौतम बुद्धले आर्थिक दशा सुधार्नु पर्छ भनी उपदेश दिनुभएको हो । यसको मतलब यो होइन कि अरूलाई खाल्टोमा खसाली होडबाजी लगाई धनोपार्जन गरेर धन कुबेर बन्नु । धन कमाएर संग्रह मात्र गर्नु बुद्धवादको मूलसिद्धान्तको उल्लंघन गर्न हुनजान्छ ।

एकदिन दीघजानु नामक गृहस्थीले बुद्धकहाँ गएर सोध्यो- भन्ते ! हामीहरू साधारण गृहस्थी हौं, जुन कि स्त्री बालबच्चाहरूसित जीवनयापन गर्नुपर्छ । यस्तो पारिवारिक जीवनलाई कल्याण हुने, उन्नति हुने केही उपदेश दिनुहुन्छ कि ?

भगवान् बुद्धले भन्नुभयो- संसारमा मनुष्य जीवन सुखमय बनाउन चार चीजको जरूरी छ :-

(क) उत्साह र अथक परिश्रम अर्थात् मानिस प्रयत्नशील, कुशाग्रबुद्धि तथा आलस्यहीन हुनुपर्छ । यसलाई '**उत्थान सम्पदा**' भन्छन् ।

(ख) सम्पत्तिको सुरक्षा अर्थात् आफूले पसीना बहाई परिश्रम गरेर कमाइराखेको धन दुरूपयोग नगरी, नचाहिने ठाउँमा खर्च नगरी रक्षा गर्नुपर्छ र चोर आदिबाट पनि सुरक्षित हुनुपर्छ । यसलाई '**आरक्खसम्पदा**' भन्दछन् ।

(ग) सज्जनहरूको सत्संग- अर्थात् असल साथी चिन्नुपर्छ र खोज्नुपर्छ, जुन कि विश्वासी सज्जन जसले राम्रो बाटो देखाउँछ र विपत बखतमा सहायकसिद्ध हुने काम दिन्छ । उसलाई कल्याणमित्र तथा 'कल्याणमित्तता' भन्छन् ।

(घ) आयअनुसार व्यय गर्ने अर्थात् आमदानीभन्दा बढता खर्च नगर्नू । यसको मतलब यो होइन कि कंजूस बन्नु ! यसलाई '**समजीविका**' भन्दछन् ।

गौतम बुद्धले सिगाल पुत्रलाई भन्नुभएको छ- आफूले कमाइगरेको धनको चार भागमा एक भाग दिन भरीलाई खर्च गर्ने, दुई भाग आफ्नो व्यापारमा लगाउने र आखिरको एक भाग भविष्यमा आवश्यक काम आइपरेको खण्डमा खर्च गर्नको निम्ति सुरक्षित गर्ने । जस्तै :

**एकेन भोगं भुञ्जेय्य द्विहिकम्मं पयोजये**
**चतुत्थंच निधापेय्य आपदासु भविस्सति ।**

अर्थात् कमाएको धनमा एक भाग खानपानलाई, दुई भाग काममा लगाउनु र बाँकी आपतकालीनलाई बचाई राख्न जान्नुपर्छ ।

एकदिन अनाथपिण्डिक महाजनलाई उपदेश दिनुहुँदै गौतम बुद्धले भन्नु भयो- मानिसहरूलाई चार प्रकारका सुख चाहिन्छन् :-

(क) आवश्यक वस्तु आफूसँग छ भन्नु सुख अर्थात् आर्थिक चिन्ताबाट मुक्त हुनु '**अत्थि सुख**' हो ।

(ख) आफूले कमाएको धन आफ्नो इच्छानुसार भोग गर्ने सुखलाई '**भोगसुख**' भन्छन् ।

(ग) जीविका चलाउन निमित्त ऋणी नपारी बस्ने सुख '**अनण सुख**' हो ।

(घ) अरूलाई अहित हुने खालका कल्पना नगरी पवित्र जीवनयापन गर्ने निर्दोष जीवनलाई '**आनवज्ज सुख**' भन्छन् । हामीले विचार गर्नुपर्ने उक्त चार सुखमध्ये तीन ओटा आर्थिकसम्बन्धी हुन् ।

माथि उल्लेख गरिएका मार्गहरू बुद्धको आर्थिक उन्नतिको लागि उपदेश दिनुभएको केही अंशमात्र उद्धरण गरिएको हो ।

अब बुद्धले आर्थिक समस्या हल गर्नका निमित्त उत्पादन नभएतापनि उपभोगमा व्यावहारिक रूपमा बाटो देखाउनु भएकोमा सिंहावलोकन गरौं ।

यहाँ बुद्धको अर्थनीति सम्झनको लागि डा. अम्बेडकरले नेपालमा भएको चतुर्थ विश्व बौद्ध सम्मेलनमा गर्नुभएको भाषणको केही अंश उद्धृत गर्दछु-

आजको युगमा संसारको बुद्धिवादी विचारकरूलाई मनुष्य जीवन सुख र समृद्धिको लागि दुईवटा मात्र बाटो देखिन्छ । पहिलो बाटो

साम्यवाद हो । अर्को बाटो हो बुद्धवाद । सुसंगठित रूपमा प्रचार भइरहेकोले धेरै नवयुवकहरू साम्यवादतिर लम्कँदै छन् । बुद्धधर्म बुद्धिवादी हो । समता प्रधान हो, अरु दृष्टिले हेर्‍यो भने आदर्श र परिणाम दृष्टिले साम्यवाद भन्दा बढी कल्याण हुने हो । यो कुरा हाम्रो युवकहरूको अगाडि प्रस्तुत गर्नु अत्यावश्यक छ ।

यदि यो काम बौद्ध भिक्षुहरूले राम्रोसँग गर्न नसकेको खण्डमा बुद्धधर्म लोप भएको जस्तै हुनेछ । यस्मा केही शंका छैन । साम्यवादको चुनौति स्वीकार गरेर बौद्ध भिक्षुहरूले आफ्नो विचार, पद्धति र प्रचार कार्यमा आवश्यक उचित परिवर्तन ल्याएर भगवान् बुद्धको विचार शुद्धरूपले (पुरोहित शाहीरूपले होइन) युवकहरूको समक्ष राख्नुपर्छ । यसैमा बुद्धधर्मको उत्थान हुने शक्ति विद्यामान छ । सारा संसारलाई प्रभावमा ल्याइने साम्यवादलाई भगवान बुद्धको विचार प्रणाली एक मात्र जवाफ हो । साम्यवाद मनुष्य जीवनलाई सुखी बनाउने एउटा छोटो ( आँखाले देखिने) तर कठिन (सङ्घर्षमय) बाटो हो । बुद्धधर्म टाढा (आँखाले नदेखिने) बाटो हो । तर यो संघर्षमय छैन । कठिन बाटोमा जानुभन्दा बुद्ध धर्मको राजपथतिर लम्कनु धेरै कल्याणकारी हुनेछ । जब कि जमिनदार र धनी पूँजीपतिवर्गले स्वेच्छापूर्वक धन त्याग गर्छन्, शोषणको काम गर्ने छोडी दिन्छन् । (व्यवहारमा यस्तो गरिदिएको देखिंदैन) ।

मार्क्सले देखाएको बाटोमा जानु भयपूर्ण र संकटमय छ (बोधिसत्वहरूले जस्तो जीवन अर्पण, आत्मात्याग गर्नुपर्छ) । जुन बाटोमा गएर हामी जहाँ पुग्नुपर्ने हो, त्यहाँ पुग्न सक्छौं कि सक्दैनौं, यो शंकास्पद विषय बनेको छ ।

साम्यवादको सबैभन्दा ठूलो तत्व हो- संसारमा आर्थिक अत्याचार र विषमताले गर्दा बहुसंख्यक जनता दास भई दु:ख भोगिरहेका छन् । यो विषमता हटाउनका निमित्त प्रत्यक्ष रूपमा एउटा मात्र बाटो छ, व्यक्तिगत सीमित अधिकार खतम गर्नु, अनि उसको ठाउँमा राष्ट्रिय सम्पत्ति बनाउने अथवा राष्ट्रियकरण गरिदिने । त्यसको लागि श्रमजीविहरूको अधिनायकवाद (अनिश्चित कालको लागि) स्थापना गर्ने ।

बुद्धधर्मको सबैभन्दा ठूलो तत्व मार्क्सको तत्व जस्तै हो । यसमा पनि संसारमा दु:ख ( संघर्ष) छ, त्यो दु:खलाई अन्त गर्नुपर्छ भन्ने कुरा छ । बुद्धको मतानुसार दु:खको अर्थ ऐहिक (यही जन्मको दु:ख मात्र हो) यसको प्रमाण बुद्ध-वचनमा धेरै छन् । अरू धर्मजस्तो बुद्धवाद आत्मा र परमात्मामा अडेको होइन । उसको अधिष्ठान जीवनानुभूति हो । दु:खको अर्कै जन्मको अर्थ लगाएर पुनर्जन्मसित उसको सम्बन्ध जोड्नु बुद्धधर्मको विरूद्ध हुन जानेछ । संसारमा दरिद्रता लिएर जन्म हुनेको दु:ख नाश हुने काम नगरी नहुने भएको छ । सर्वप्रथम यो (गरीबी अन्त गर्ने) सिद्धान्त स्वीकार गरेपछि दु:खलाई खतम गर्ने बाटो गौतम बुद्धले देखाउनुभयो । आदर्श बौद्ध समाजको तत्व बुद्धले भिक्षुसंघमा समावेश गर्नुभयो । संघमा व्यक्तिगत सम्पत्तिको कुनै महत्व र स्थान छैन । केवल आठवटा चीज आफूसित राख्न सक्ने वहाँको आदेश या नियम हो । त्यो आठ वस्तु मध्ये पहिलो वस्त्र हो । यसमा पनि परिग्रहको भावना हुनु हुँदैन ।

सम्पत्ति व्यक्ति विशेषको अधिकार सबै

प्रकारका अनाचार, शोषणको कारण हो । यो कुरा बुद्धले मार्क्सले भन्दा २५ सयवर्ष पहिले थाहा पाएका थिए । गौतम बुद्ध र मार्क्सका सिद्धान्त अध्ययनबाट दु:ख अन्त गर्ने बाटोमा भिन्नता देखिन्छ । जस्तै मार्क्सको विचार अनुसार संसारको दु:ख नाश गर्नको निमित्त शक्तिको प्रयोग (संघर्ष) गर्नु एक मात्र उपाय र साधन हो, तर यसको विपरित बुद्धको विचारमा प्रेम, करूणा र मैत्रीलाई साधनको दृष्टिले प्रमुखता दिनुपर्दछ भन्ने कुराको किटान गरिएको छ ।

उक्त अंश धर्मोदय सभाबाट छापिएको चतुर्थ विश्व बौद्ध सम्मेलनको रिपोर्टबाट उद्घृत गरिएको हो ।

अब स्वतन्त्र चिन्तनले मनन गर्नुपर्ने के भने आर्थिक जीवन सुधार्नको लागि कुन चाहिँ बाटो ठीक छ र व्यवहारिक छ । बौद्ध दृष्टिकोणले आर्थिक समस्या कसरी हल गर्ने भन्ने विषयतिर ध्यान दिनु परेको छ ।

*(श्रोत : मैले बुझेको बुद्धधर्म, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०४६)*

◆

# लुम्बिनीयात

✍ कविवर सिद्धिचरण श्रेष्ठ

लुम्बिनि, छंगु सुन्दर ख्वा: जिं आ: तक नं मखनानि,
इतिहास स्वयं त:मि जूगु उगु रत्न-धुकू मखनानि ।
ख्व थना तैगु दु तर जिं आशा वेतिनि वेतिनि छंथाय्,
श्रद्धाया ख्वबि धरधर हाय्का याय्तिनि जीवन धन्य ।
दलित पतिततय् दु:ख थ:याना शुद्धगु चेतन घाना,
लुम्बिनि, छन्थाय् वेतिनि वेतिनि त्वन्यत व मैत्री करूणा ।
हे लुम्बिनिया फग्, निभा:, सुपाँय्, फंग:, स्वाँ, सि व लापा,
छिमित छको जि मानि नाप लाय् जीवन-ज्योती न्ह्याका ।
पूर्व रवि थें हवकुगु छिमिसं शुद्धम्ह गौतम बुद्ध-
वृद्धत्व व रोग मृत्यु त्याक्यगु पीयूष जगे इउम्ह ।
बुद्धं इउगु अमृत पानं उगु भ: भ: धा:गु नख:
ल:ल: धाय्का स्वइतिनि जगतं जूगु तथागत बुद्ध ।
जगया प्राणी फुलसित स:पौ भीगु मिलनया बीत,
जिगु थुगु कविता इना बिया जिं स: थें ज्याना छन्द ।

*'धर्मोदय' वर्ष-६, अङ्क-२ (दिसेम्बर १९५२)*

◆

# हार्दिक धन्यवाद

बौद्ध साहित्य प्रेमी **श्री संघरत्न शाक्य**ज्यूबाट अर्हत त्रैमासिक निरन्तर प्रकाशनको कामना गर्दै **रू. २५०००।- (पच्चीस हजार रुपैयाँ)** सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

## बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

# वाल विनोद

✍ चित्तधर हृदय

राजपुत्र प्यला ति दय्‌वं फेत्तका: तल गांभुना:,
वैत म्हितिका: च्वन छचालं च्याम्ह धातृपिं मुना: ।
छन्हु अज्याथाय्‌ जुजु वया: काय्‌याक्य प्यूचा जक खन,
जंक्व लुमना: न्यन्यत छु छु मा: गौतमीय थाय्‌ वन ।
मा:गु रानीं ब्याक्क मसिया: देनकीं स:तक्य छवया:
यात जंक्व ज्वलं ज्वरे फुक वैगु हे सम्मति कया: ।
जंक्व खुनु न्हापां पुरोहित वेदपाठीपिं मुना:
प्रथम पूजा विधि सिधय्‌का: कलशयागु लखं लुना:
मोल्हुका: शिशुयात नाना दिव्य गन्धं म्हे बुका:
शुद्धकाशीयागु तिनिखायागु जंक्वलनं फिका:
यज्ञशालाय्‌ न्हयोन्यसं भूपालयागु मुले तल,
थीगु हीरकया गजू दुगु जंक्वतुपुलिं प्वीकल ।
त:गु देमाय्‌ गुगु ब्वया: बहुमूल्य भूषणया छुल्या: ।
विविध रत्त थुना: स्वफो दुगु जन्त्र, सिंख्वा:दुगु चुल्या,
नागमणि, गजमोति, ह:थं, गोमुखी, धौंया न्यकू,
गर्भशंख व कौ, चलाया खो व किसिया लुसि छकू,

ग्वे, धुँया लुसि, भोमिखा, धंवां सहित फाया थुना,
आदि दुर्लभ दिब्य रत्नत भिंगु पाकाय्‌ मा: हना:
त:गु अद्भुत न्हयाम्हस्यां लोवनिगु रक्षामा: छमा:,
मोतिचा:चा फोसिख: दुगु लुं भुना रुद्रक्षमा:
व्याक्क हे गो उत्ति ग्यंगु तुयुगु मौक्तिक आवली
रक्त वर्णगु भिंगु भिंपूमा: अहो बांला: गुलि ।
जाय्‌क बुत्ता दुगु लुँया गौंचा, लुँया हे घंगला,
कलम, चा, अप्पा, सफू गुलि जाय्‌क छु छु जक स्वेमला: ।
न्हयोन्य हय्‌वं जा:गु उगु देमाय्‌ स्वया: शौद्धोदनिं
ब्याक्क काकां वांछ्वया: बिल दंक चिच्चा: सकभनं ।
थुगु खना: जुजुया मने ऋषिया वचन लुमना: वल,
"जिक्व अय्‌सां यत्न याय्‌ जिं" धैगु वं चित्ते तल ।
वेदमन्त्र ब्वना: सुलक्षण युक्त जंक्वक्वखा कया:
ब्राम्हणं कक्वी क्वखाय्‌कल शाक्यराजकुमारया ।
गुम्ह मचाया जन्म ज्वीवं ब्याक्क देशे भिंगुलिं
वैत नां 'सर्वार्थसिद्ध' धका छुना: बिल लोगुलिं ।
थुलि सिधय्‌वं गौतमी मांया मुले वालक तया:
ग्वे, सिसाफल, धौ सगं ब्यू वल नकिंपिं निम्ह वया: ।
स्वर्णथाय्‌भ्वी क्षीर तय्‌हल त्वीक न्हयोन्य कुमारया,
मौंम्हस्यां सुतयागु कथुप्वा: चाय्‌क्य बिल न्याप्ये क्या: ।

बायु प्राण, अपान, ब्यान, समान मेगु उदान नं
नां कया: च्वन प्ये पतिं हे कर्मकाण्डी ब्राम्हणं ।
कस्ति, घ्यो, साख:ति, दुरु धौ आदि पञ्चामृत लुना:
त्वंक्य धुन्यव नकिंपिसं भारिं नुचाय्‌कल ल:लुना: ।
यक्व भोजन दान उलि हे प्राप्प याना: विप्रपिं
स्वस्ति ज्वीगु सुवा:बिया: ल्याहाँ वनां च्वन फुक अपिं ।

शाक्य जुजुया प्रिय किजापिं सहित भृत्य, फुकीत नं
नय् सिधय्काः ब्याक्क हे थःथःगु छ्यूँ ल्याहाँ वन ।
शाक्यकुलया पूर्वजपिसं थकुगु यानाः स्थापना
लाय्कुली दुन्य मुक्क झःझः धाय्क सुन्दरता मुनाः
तःगु मन्दिरयागु शोभायागु जो मदु न्हाँ गनं
जंक्व सिधयाः छन्हु लिपा उगु आगमे शुद्धोदनं
सुत बुयाः यन थःथमं हे देव दर्शन याक्यत
वैगु ल्यूल्यू वन महारानी व दासी दासत ।
अमिगु ल्हाते विविध पात्रे यक्व हे पूजाज्वलं
जुजु सहित सकलें वहःया त्वाथले क्वे थ्यन ववं ।
निम्ह दु जःखः स्वर्ण सिंहत अमिगु वाहाँ खाः म्हुतु
न्होन्यसं किसि खंगु थें च्वं धन्य दय् कुम्ह गुलि पटु ।
त्वाथलं च्वे थ्यन्यव चाय्कल कनकयागु लुखा दुवाः
द्वारखापाय् च्वंगु मणि मूर्ती खन्यदु सो मोतिवा ।

स्फटिकया थामे व मेथे तल लुँया बुत्ताँ हिनाः
वैगु च्वे सम्पूर्ण रामायण कियाः मणिया निनाः ।
अप्सरातय् भाव भङ्गी पूर्ण भिंपूया त्वँनाः
मोतिमाः लिस्य बत्तु दुगु लाजः लिबिं अन च्वन सनाः ।
तायदु सिरि सिरि क्षुद्र फय्गं न्याःगु पाखाया मुसी,
वैगु नाप वहः पताः गुलि संगु न्हयाः थे च्वं खुसिः
मणि-गज म्हासुगु लुँपौ क्वे देवताया मन्दिर
नभस किरणं कःगु सन्ध्याय् शैल थें जुल सुन्दर ।
देगले दुन्य थाय् दु स्वगलः गःपतिं हे छम्ह छम्ह
चोदु नारायण, महेश्वर, छम्ह प्यपाः हे ख्वाः दुम्ह ।
हरितमणिया हरिजु, ब्रम्हा पुष्पराजे तल कियाः ।
स्फटिकया कल्याणवदनम्ह शिवजु नाग तिसां तिया : ।
छम्हथ्य छम्ह बांलाः स्वम्हं हे अमिगु उगु मुसुकाःगु ख्वाः,
स्वेबले नवायि थे च्वं हय्गु इच्छा जू बुयाः ।
धुँ धुपाय् च्याकाः सुगन्धँ व्याप्प यानाः फुक क्वथाय्
विविध कुसुमँ तःगु छाय्पाः स्वेत सकलें चाः हथाय् ।
अन सिन्हः केशर, अगर, मृगमद, कपू, श्रीखण्डया
रत्नभाण्डे जाय्क तैतल यक्व हे फल नं ब्वयाः ।
पुष्परस च्याः ज्वाःगु देवाय् नभस नगुथे पुलुपुलु
उख्यरसं हुसुलुं चुलाः च्वन च्यागुः हे मणिया दलूः ।
धूपया कूं खन्यदु अन दुन्य मेगु नीलाकाश थें,
मूर्ति स्वम्हस्यां यचुगु ख्वाः पाः थीगु स्वम्ह हे चन्द्र थें ।
थ्यन अज्याथाय् पुत्र थःमं हे बुयाः शुद्धोदन,
शाक्यरविया दिव्य तेजं अमिगु ख्वाः बुलुयाः वन ।
प्राकृतिक उगु रुपया रमणीयता लिस्य कृतिमतां
न्हयाक्व हे याःसां प्रतिस्पर्धा छुयाय् मखु तुति तुतां ।
मूर्ति बुलुयाः वंगु कारण शाक्य-वालक खंगुलि
जुजु खनाः अमिसं मछालाः धाःगु थें च्वं न्हां थुलि–
"ईकायात हिमालयं, रविशशीं खद्योतया तेजया,
साख्वाँय्या जलयात सागरपतिँ सत्कार पूजा थया
छःपिं खः गिरिराज, सिन्धु, सविता, पूर्णेन्दु शौद्धोदनि
ईका, गोष्पद, ज्योतिरिङ्गण जिपिं लोकं छुया पूज्य ज्वी ?"

(शार्दूलविक्रीदित)

फुक सिधय्काः माःगु ज्या सकलें अनं ल्याहाँ वयाः
पुत्रया प्रिय ख्वाः स्वस्वं रानी व जुजु हर्षित जुयाः
वन निम्हं अवरोधया दुन्य, शीघ्र धातृपि वयाः
राजपुत्र बुयाः चिलाःवन थिकुक भति न्याकुं कयाः ,
यक्व नानारङ्ग कापःयागु कान्त कतामरि
यथि मणिया गुलि न्हयोवोसा सिंह, कपि, रथ, सल, करि,
न्हयोन्य हाय्काः वृक्षरसया कृतिम भ्रंगः चिलिचिलि
स्वर्णछिकिछिकिचां मनोहर शब्द वय्काः छिलिछिलि

शाक्यकुलमणियात म्हितिक्यत ब्याक्क धातृपिं मुनाः
यल यानाः च्वंगु सो "गंमदुम्ह किसि तानाँ" धयाः ।

मोति थें निपु थीगु वा खन्य दयूक राजकुमार नं
अन क्वथाय् इतिइति न्हिला: उख्य थुख्य ल्हयया: जुल सकभनं।
यक्व नाना चित्र चित्रित रम्य स्वच्छ क्वथाय् च्वना:
अंगले वालक लिधंका: तल मचाकामित मुना: ।
वैत "अङ्ग: चो छको स्वे" धाल छम्हस्यं ल्हा: फ्यना:
न्यासि चाचां संगु इकु थिकु अंगले थ:मं धिना: ।
भ्वाक्क भोसू वैगु गबले थ: थमं गबलें दना:
मुसुक गबलें मोति हाय्कै न्हूगु उगु दुरुवा क्यना: ।
ध्यनि अज्याथाय् माँम्ह गबले, शीघ्र गबलें ध्यनि जुजु
पुत्रया कीडा खना: मस्यु अमिगु चित्त छुजू छुजू !
गौतमीया न्हयोन्य राजकुमारयात बुया: हया:
वं छको मेम्हं छको तुतुमांपिसं म्हे म्हे कया:
वैत अमिसं च्वन स्यना: "मामं छको का:वा" धका,
वैगु चुलि थें च्वंगु उगु ल्हा:या पचिँ नं सन थुका ।
मेम्हस्यं काचाक लाका: थ:गु जैं जैं गयूकल
"ल्यायूम्ह जुजु भति ल्यायूम्ह" धाधां वैत तिंतिं न्हवीकल ।
काय्त कंकण छिलिक न्यायूका: गौतमीं ल्हा: ब्वेकल,
मांम्ह खन्यव कुमार नं काचाक हे भोसूवल ।

कायि गबलें गौतमीं "जिम्ह रतन" धाधां घयूपुना:
अधिप शुद्धोदन न्हिला: च्वनि वंशरविया छवि खना:
नित्य नूतन रत्न भूषण यक्व दयूक्य बियां च्वन,
थौं छता हानं कन्हे खुनु मेगु मालाँ है च्वन,
गौतमीया योगु अथवा शाक्यपतिया योगु नं
न्या: गुगुं बां हे मला: सां "भिँगु" तलबँ धा:गु नं ।
छन्हु न्हिने शिशुया छचालँ ब्याक्क धातृपिं च्वना:
पद्म पल्लव सहरा कोमल वैगु हिसि दुगु ल्हा: ज्वना:
चीनया भिंभिंगु लासाया दथ्वी वालक थना:
वैत "फत फत स्वे" धया: च्वन वैगु ल्हा: तीजक फ्यना: ।
अमिगु ल्हा: ब:काय्गु मदया: कनिगु गबलें इतिमिति,
च्वाक्क ल्हातं च्वीगु गबलें न्हिलिगु गबलें इतिइति ।
दच्छि फुत भी शाक्यसुत आ: छीत स्वत भति भति पला:
हस्तिदथें च्वंगु तुतिया न्यायूक छिलिछिलि घंगला ।
वैत म्हितिका: च्वन छचालं फुक मचाकामित मुना:
ताल पलिमां वेक लापा न्यायक थाथां क्वच्छुना: ।
हा:गु अमि वीणाविनिन्दित कंठया संगीतया
स: वया: उगु उच्च विस्तृत अन्तपुर हे च्वन ध्वया:
"ताचिताचि वायो पूता ध्वालिं घ्वालिं न्हयाक्ये"
राजपुत्रं छित पला: इकुथिकु सँगं अन उख्य थुख्य ।

म्हतुसि प्येकुं कैगु गबलें भ्वाक्क बें फ्यत्तुक दया:,
ख्वे मलाकं मांपिसं काचाक काइ "पुता" ! धया: ।
ध्यन्यव अमि म्हे सनिगु थिकु थिकु न्हिलिगु हानं मुसुमुसु,
अल्य अमिगु नं स्नेह हाया: वैगु नेत्रं सुलुसुलु ।
घयूपुना: अमिसं चुपानयि "योरतन जिमि जुजु" धया:
शिशु कुमारं नं न्यताले बी इलं किक म्यें फ्यया: ।
मृदु न्यताले दाइ तीजक थ: न्यताले ई हुया: ।
नौनिघ्यो थें च्वंगु ल्हा:चां दाइ वं नं "ता:" धया: ।
ल्हुतिपुन्हीया न्हयाइपुगु बहनी सुचुगु क:सी च्वना:
ब्याक्क तुतुमांपिं मुना: सिद्धाथयात ल्हवना: ल्हवना:
थीगु नकतिनि लूगु चाक्मक ला:गु तिमिलाजुजु क्यना:
वैत म्हितिका: च्वंगु सो फुक स्नेहया पुखली दुना: ।
जायूक मलमलया जनी दुगु अमिगु जें तिंतिं न्हुया:
अमिगु सपले च्वंगु संचिकाय् जवगु ल्हातं कयूपुया:
खवगु ल्हातं मोति ज्वा: दुगु बत्तुया लाफ: च्वका
सात सासां संगु थिकु थिकु "ताइ भाबा स्वे" धका ।
छन्हु व वं दिन निन्हु ववं त्यल निदँबुदिं सिद्धार्थया
गौतमी योमह्रि छुकल फुक पिलिपिं स:तक्य छवया: ।
मृदुल मञ्जुल अमि पचिंत लुकुं ज्वना प्याखं हुल,
धन्य अमि ज्या शीघ्र पोचूया प्रचुर योमह्रि जुल ।

बीक्य छ्वत सकलें प्रजापिनि गृहगृहे जूजं छ्वया:
तो पुया: फुक स्वर्ण सुंम्हल्य जायक हे योमह्रि तया:
ज्वीव बेला वल पुरोहित मा:गु फुक दिगुभ: ज्वना:
विधि विधान सिधय्‌व अमिसं मङ्गलास्तव छ्पु ब्वना:
न्हूगु वसते च्चोन्य योमह्रिमा: द्यछाया बिल सगं,
वाल गौतमयात उगु मालं क्वखाय्‌कल सत्वरं
ज्या सिधय्‌का मिस्त फुक थ:थ:गु छेँ ल्याहाँ वन,
गुरु पुरोहित आदि सहित फुकी, किजापि नं दन ।
वालकं उगु मा: क्वखाया: जूगु उख्यं थुख्य तुकुतुकु
बौम्हस्यां स्वैच्वन दना: अन न्हीक ग्वाय् हे मुसुमुसु ।
"नेत्रतारा प्राणप्यारा हृदय-निधिया मणिकुचा"
थुलि धया रानीं बुया: यन बैत च्वाक्क नया: चुपा ।
निदँबुदिंया मा:गु उत्सव फुक सिधय्‌का: पुत्रया
थ: मने न्हून्हूगु नाना भाव ल्वीका: मुसुकया:
शाक्य नायक सल गया: वन सचिवपिं ल्यूल्यू तया:
थ:गु हर्षित चित्तया प्रतिंबिम्ब चक्कं ख्वा: ब्वया: ।
वायु सेवन याय् सिधय्‌का: सुमन सुरभित उपबने
भ्रमण यायां थ:गु नगरे ब्याक्क मुगले दुन्य दुन्य
लंच्वते योमह्रि सिसाफल यक्व हे पोपो चिना:
सा:गु धौबजि म्हुतुस जाय्‌का: दां छम्हू ल्हातं ज्वना:
जूगु ब्वांब्वां पुष्ट तनपिं मस्त उख्य थुख्य खंकल,
अमिगु उगु सुन्दर सरलताय् थ:गु गौरव थ्वीकल-
'देशयागु भविष्य निश्र्वय याइ थमिसं उज्वल'
थुलि बिचा: यायां मने जुजु राजभवने थ्वंकल ।
सुगत-सौरभ महाकाव्यया बाल विनोद्
नामगु न्यागूगु सर्ग सिधल ।
ने.सं. ६२ साल सिल्लागा: ११

◆

# बुद्ध-वचनामृत

चत्तारिमानि आनन्द सद्धस्स कुलंपुत्तस्स दस्सनीयानि संवेजनीयानि ठानानि । कतमानि चत्तारि ?

१) "इध तथागतो" जातो इति आनन्द सद्धस्स कुलपुत्तस्स द्स्सनीयं संवेजनीयं ठानं ।

२) "इध तथागतो अनुत्तरंसम्मासम्बोधिं अभिसम्बुद्धो" ति आनन्द सद्धस्स कुलपुत्तस्स दस्सनीयं संवेजनीयं ठानं ।

३) "इध तथागतो अनुत्तरं धम्मचक्कं पवत्तितं" ति आनन्द सद्धस्स कुलपुत्तम्स दस्सनीयं संवेजनीयं ठानं ।

४) "इध तथागतो अनुपादिसेसाय निब्बानधातुया परिनिब्बुतो" ति आनन्द सद्धस्स कुलपुत्तस्स दस्सनीयं संवेजनीयं ठानं ॥

हे आनन्द । थ्व प्यंगू स्थान श्रद्धावान कुलपुत्रपिन्त दर्शनीय जू । तथा उमि मने संवेग उत्पन्न जुई । व प्यंगू छु छु धा:सा ?

१) गन तथागतं जन्म ग्रहण याना बिज्यात ।
२) गन तथागतं सर्वश्रेष्ठ सम्यक संम्बोधिज्ञान प्राप्त याना बिज्यान ।
३) गन तथागतं सर्वश्रेष्ठ धर्म-चक्र चाहीका बिज्यात ।
४) गन तथागत महापरिनिर्वाण जुया बिज्यात ।

हे आनन्द । थ्व प्यंगू थाय् श्रद्धावान कुलपुत्रपिन्त दर्शनीय तथा उमिगु मने संवेग उत्पन्न ज्वीगु स्थान ख:

◆

# लुम्बिनी जिगु अनुभव

✍ भिक्षु धर्मालोक स्थविर

आयुष्मान् महानामयागु पौया अनुसारं लुम्बिनी जिगु अनुभव लेख च्वय् न्ह्यो जिगु मने लुम्बिनी" धायवं हे २५०० दँ न्हापायागु घटना मने अनुभव जुल । थ्वजा सारा संसारं स्यू हे खँ खः । ....... वनया अपेक्षा थनया जक थपायसकं महत्त्व छाय् ? गौरव गथे ? न थन मेगु वनेथें बाँबाँलापिं भ्रंगत दु, न वाउँसे च्वंगु सिमात दु, न नस्वागु स्वांमा हे । मानो वन हे मखु । अथेसां थनया न्हापायागु वर्णन इतिहास पानाय् दनि । थौं थ्व थासे स्वाँमा मरुसा थन वक्क यात्रीतय् मने थन वै बले "अहो ! थन तथागत जन्म जूगु" धका हर्षया स्वाँ ह्वनि । खः, थौं थन छुं पुलांगु विहार व चैत्य मंत । तर सौभाग्यं सकसितं "लुम्बिनी थन खः", धाम्ह शिला दनि । दँय् दसं सलंस यात्रीत थन वया प्रसन्न जुया वनाच्वंगु दनि ।

जि अन खुला च्वना । यात्रीत व दर्शकतय्गु लय्ता सःया नापं 'तर'... धैगु शब्द फुक्कसिया म्हुतुं पिहांवोगु न्यना । छम्ह छम्ह यात्रीं छगू छगू रूपं धाः वई । यथा- "भन्ते, तथागत जन्म जूगु थासे छुं मंतसां थन थ्यनेव छगू अपूर्व सुख तथा संवेग उत्पन्न जू ।"

-"भन्ते, लँ द्वना साब हे कष्ट नया वया । मखुसा म्हिग हे थ्यनीगु । तर लँ द्वंगुलिं थौं तिनि थ्यन ।"

- "भन्ते, का छलपोलथें जापिं छम्ह निम्ह च्वना थनया सेवायाना याकनं यात्रीपिन्त सुविस्ता बी माल ।"

-आदि । थुगु हे प्रकारं फुक्क यात्रीपिसं खँ ल्हा वई । हिन्दी भाय् मसः पिसं हाव भावं नं थःगु मनया खँ कनी । विशेषयाना लँया खँ न्ह्य मथंधैपिं भिम्हे छम्ह हे मदु । थ्व जुल यात्री तय्सं जित धा वईगु जिगु अनुभवया खँ ।

जि छम्ह अन दुबले लिहाँ वने धका वैपिं यात्री त हे चाहिना वनी । थ्व खँ जितः अनुभव जुल कि थन यात्री पिन्त आधार, भरोसाया लागी छम्हनिम्ह अवश्य च्वना बीमा । अथे चाहीका प्यन्हु न्यान्हु यात्रीपिन्त आधार, तया लुम्बिनीयागु सम्पूर्ण परिचय बी फःसा गुलि लाभ ज्वी ? थ्वजा पाठकपिसं हे स्यू । अपिं चाहूतलेयात नय्गु त्वनेगु लागी च्याम्ह भिम्ह सित बन्दोबस्त याना तय्गु बजार लगे ज्वीबले छुं भती भती न्याना तै तय्गु, धुं, धुपाय्, घ्यो आदि आवश्यक सामान तयातय्गु । थुलि मयासें मगा ।

जित साब दुःख दु कि न्हापाया सरकारया पाखें लुम्बिनी यात्रीपिन्त स्वन्हु तकयात सिरा बीगु चलन दु । गुकिं यात्रीतय्त गुलि भ्रंभ्रट कम । थ्व खँ नं सकसिनं स्यू । तर थौं व मदय् धुंकल । परिणाम थ्व जुल कि न्हापा मेमेगु मदुसां लहर व

जाकि दायका नया लुम्बिनी स्वया वने दुगु आ: सुं अनजान (अन छुं न्यायगु मदु धका मस्यूपिं) परदेशी यात्री ल्हा फुसुलं वै बले प्वा सुखू गंका हे १० माईल लिहाँ वना नौतनवाय् न: वने मागु जुल । जिं आशा याना वर्तमान नेपाल सरकारं थ्व खँ याकनं दृष्टि तै ।

लुम्बिनी खुक्वे उखे दक्षिण व पूर्व कुने कपिलवस्तु दु । उत्तर व पूर्व कुने देवदह दु । आसपासे यक्को गाँ दु ।

थौं तक्क आसपास ग्रामवासीपिनि क्यूतापूजा, वर्तमान आदि विधि व्यवहार लुम्बिनी हे या वै च्वंगु दु । छुं रोग जुल धा:सां थौं तक्क दशा फ्वा वईगु थन हे । उमिलागी थौं तक्क थ्व स्थान लुम्बिनी माई हे तिनि । यद्यपि सरकारया बन्धनं हिंसा जा मयात । तथापि थौं तक्कं थन च्वलेचा, पीपी हापिं बखुं चात त्वते ह:नि ! च्वलेचा त्वते है बले च्वलेचाया न्ह्यपने मुलं सुया हि पिकया चोयात छानी । थ्व खँ स्पष्ट ज्वीक हे ग्रामवासीपिनि दृष्टिकोणया भीत परिचय ब्यू ।

छको जिं पूजारियाके न्यना छं व बखुंचात गन छ्वया धका । पूजारिं न्याउन्याउयाना खँ ल्हात । आसे छकोलं मज्यू धका कडाँ हानं मेगु छुं मन्यंसे मने जक तया । थौं तक्कं पुरोहित इलामे च्वे किया तम्ह बुद्धयात गणेश धका कनी । बल्ल बौद्धपिनि जोशं या:ना आ: बौद्धत वै बले महामायायात माई धका मधाल । तथापि हिन्दूत वै बलेला वं हिन्दुतालं जगदम्बा माई रूपं हे कना छ्वव । थ्व ख: पुरोहितयागु खँ ।

आ: आसपासया छम्ह निम्ह कट्टर ब्राह्मण तयगु खँ च्वय् । वंगु वैशाख पुन्हि खुनु महोत्सव ज्वीगु प्रचार याना बले अमिसं न्याम्ह ब्राहमण स्याईगु धका भूठ प्रचार याना मनूतय्त रोके यात । लुम्बिनी बौद्धपिसं कायव इमिगु विधि व्यवहार याकी मखुला, माई थैगु भूठ जुई व गथे इमि विधि व्यवहार याये ? भीत हे नं अन विधि व्यवहार यानाच्वनागुलिं बौद्ध याना छ्वईला ! थैगु शंका भावं मन स्यंका च्वनीं । जटील समस्या जुइका थ:तुं क्यना च्वनी तथापि गुलिं गाँ गाँ हे थजापिं नं दु । गुमिसं जिपिं शाक्यत धका धया च्वन न्ह्यागु हे थजु नियम अनुसारं हिला हे वै च्वंगु दु । जि न्हापां वना बले लुम्बिनीया न व मूर्ति या दर्शन दु । न अशोक स्तम्भया थुलि बाँलाक स्वयगु भाग्य दु । न च्वनेत धर्मशाला हे दु । बुद्धया शान्ति स्मृति ज्वना वना: हि ख्वँ खँ बले सिगु भीगु दु:खया अनुभव जूगु जित लुमंनि । स्वीदँ पीदाँ न्हापाया लुम्बिनी व आ:या लुम्बिनी गाक्क हे पाय् धुंकल । वयें तुं अनया ग्रामवासीपिनिगु दृष्टि कट्टरपना मदै वंगु खँ नं थ्व खँ स्पष्ट सी दै ।

न्हापां जि लुम्बिनी वना वले स्थानीय तुंथि जि ल: साला त्वना । छम्ह ब्रम्हू वया जित भसंक ज्वीक बो बिल । भनेल् दायहे त्यंयां ! जिं धया 'ल : त्वने प्या चाल ।' अले वं थ:म्हं ल सालाक्या आकसे थ्यंक तया हायका त्वंकल । वैगु खँ अनुसारं बौद्ध भिक्षु पिसं तुँ थीवं हे तुँ अपवित्र जुइगु ख: ।

आ: पाठकगणपिसं विचार याना दिसँ न्हापा व आ: गुलि फरक जुल ? जित विश्वास दु, भी सकसिगु उत्साह, सहायता तथा सहयोगद्वारा भन्भन् वृद्धि जुया वनी । हानं छको भीसं लुम्बिनी विश्वया न्ह्यने तय् फै । फय् नं माल ! अस्तु ।

*'धर्मोदय'*

*वर्ष -६, अंक -२, डिसम्बर १९५३)*

# बौद्ध दर्शनमा शाकाहारी

✍ बसन्त मर्हजन

बिना भोजन कुनै प्राणी बाँच्दैनन् । मोटामोटी रुपमा भोजनलाई शाकाहारी र मांसाहारी गरी दुई वर्गमा विभाजन गरिएको पाइन्छ । मान्छेले शाकाहारी भोजन गर्नुपर्छ, यसबाट फाइदा हुन्छ भन्ने मात्र नभएर मान्छेको शारीरिक संरचना मांसाहारी भोजन उपयुक्त छैन भन्ने आग्रह वा अभियान आफ्नै ठाउँमा छ । तर आफ्नो अभियानलाई बल पुऱ्याउन यसलाई धर्मसँग जोड्नु बेग्ले कुरा हो । काठमाडौँमा केही शाकाहारी अभियन्ता विशेष गरी बुद्ध र बौद्ध धर्मको नाम लिएर स्वयं बौद्धमाथि लान्छना लगाउने वा अन्यलाई प्रभावमा पार्ने गरेको पाइन्छ । तर, उनीहरूका बुझाइ हेर्दा बुद्धको केही नैतिक उपदेशलाई आफ्नै अनुकूल बुझेको र त्यसलाई तोडमतोड गरी प्रस्तुत गरेको स्पष्ट हुन्छ । बुद्धको उपदेशसँग खासै तादात्म्य नराख्ने त्यो बुझाइले एकातर्फ बौद्ध धर्मदर्शनको अपव्याख्या गरिरहेको छ भने अर्कोतर्फ शाकाहारी अभियानलाई जबर्जस्ती बौद्धधर्मसँग जोड्न ल्याइरहेको पाइन्छ । यसबारे स्पष्ट हुनु जरुरी छ ।

फोटो पत्रकार केभिन कार्टरले सुडानको भुखमरीमा खिचेको गिद्ध र बालिकाको फोटो (सन् १९९४ को पुलित्जर पुरस्कार प्राप्त) हृदयविदारक छ । अरु पंक्षीले भए ती बालिकामाथि आक्रमण गरिसक्थ्यो । तर, गिद्ध पर्खेर बसेको थियो । यही फोटोसँगसम्बन्धित एउटा स्केच सामाजिक सञ्जालमा भेटियो, जसमा गिद्धले ती बालिकालाई खानेकुरा कतैबाट ल्याइदिएको दृष्य देखाएको छ । गिद्ध आफैंले सिकार गर्दैन । तर, सिनो खान्छ । यही भएर बौद्ध समाजले गिद्धलाई शुद्ध पंक्षीको रुपमा लिन्छ । स्केच जुनसुकै प्रयोजनका लागि तयार पारिएको भए पनि बौद्ध धर्मको शिक्षाका लागि अत्यन्तै उपयोगी देखियो । मांसाहारी वा शाकाहारी भोजनको बहसमा बौद्ध धर्मलाई अनावश्यक रुपमा जोड्न ल्याएको सन्दर्भमा अज्ञात कलाकारको त्यो स्केच जतिको उपयुक्त र जबर्जस्त माध्यम अरु देखिनँ । तसर्थ यो लेखसँग उक्त स्केच साभार गरिएको छ ।

सर्वसाधारण बौद्धले पनि दैनिक जीवनमा अनिवार्य रुपमा पालना गर्नु पर्ने पाँच नियम सामान्यत: 'पञ्चशील'का रुपमा जानिन्छ र यसमा पहिलो शील प्राणी हिंसा नगर्नु रहेको छ । हो, कुनै पनि प्राणीको हिंसा गर्नुहुँदैन । हिंसा शरीर, वचन र मन (काय, वाक र चित्त) बाट हुनसक्छ । तर, कुनै पनि प्रकारले कसैको पनि हिंसा गर्न नहुने बौद्ध नैतिकता बुद्धद्वारा निर्दिष्ट गरिएको छ । जसले प्राणी हत्या गर्छ, कानुनत: ऊ अपराधी हुन्छ र दण्डको सजायभागी हुन्छ । कानुनले निश्चित प्राणीको हत्यामा मात्रै दण्ड दिन्छ भने बौद्धसन्दर्भमा कुनै पनि प्राणीको हिंसा गर्नु अकर्म हो र यसलाई पापको रुपमा लिइएको हुन्छ । बौद्ध मान्यताअनुसार

पाप कर्मको फल भोग्नै पर्छ । भौतिकवादी अर्को लोक वा पूनर्जन्ममा विश्वास गर्दैनन् । तर, बौद्धहरू त्यस्तो खालको अकर्मको नतिजा मनोवैज्ञानिक रुपमा यही जन्ममा र कर्मसिद्वान्तअनुसार अर्को जन्ममा भए पनि भोग्नु पर्ने हुन्छ ।

कुनै धर्म सम्प्रदायमा अमूक भगवान वा ईश्वरीय शक्तिको आराधनावाट पापमुक्त हुनसक्छ भन्ने विश्वास गरिन्छ । तर, बौद्ध धर्मका सन्दर्भमा यो कर्मसिद्धान्तअनुसार हुन्छ र जसले पाप गर्छ उसले त्यसको नतिजा अनिवार्य रुपमा जस्तोसुकै अवस्थामा पनि भोग्नैपर्छ । गौतम बुद्धका अग्रशिष्यमा एक मौद्गल्यायन नामका एक भिक्षु पनि थिए । श्रावकयानअनुसार 'श्रावकबुद्ध'को दर्जा पाइसकेका यिनले पूर्वजन्ममा आमाको हत्या गरेका रहेछन् र पञ्चपाप अन्तर्गतको त्यो कर्मको फल भोगिसकेको थिएन । यस जन्ममा केही हत्याराबाट आफूमाथि पटकपटक आक्रमणको प्रयास भइरहनुको कारण बुझ्दा आफ्नो कर्मको भोग भनेर थाहा पाएछन् र भोग्नु नै पऱ्यो । बौद्ध धर्मअनुसार अर्हत्व प्राप्त व्यक्ति 'श्रावकबुद्ध' हुन् र यिनीहरूबाट कर्मसंस्कारको सिर्जना हुँदैन । तर, पूर्वकर्मको भोग त गर्नैपर्छ । पापकर्मले प्राणीलाई धर्मबाट विमुख पार्ने हुन्छ । यही भएर प्राणी हिंसा गर्दै नगर्नु बरु कुनै पनि प्राणीलाई केही दिन व क्षण नै भए पनि मृत्यु हुनबाट बचाएर पुण्य कमाउन बौद्ध धर्मदर्शनले जोड दिएको हुन्छ ।

मांसाहारी भएर शाकाहारी भोजन नै गर्नु भन्ने कुनै शील वा नियम बौद्ध धर्ममा निर्दिष्ट गरिएको पाइँदैन । यही भएर बौद्धहरू मांसाहारी भोजन गर्नुमा आपत्ति मान्दैन् । तर, प्राणीको हत्याबिना कसरी मासु प्राप्त हुन्छ र ? प्राणी हिंसा नगर्नु भनेकै शाकाहारी हुनु भनेको हो भन्ने तर्क गर्दै शाकाहारी भोजनका अभियन्ता बौद्ध समाजको टिप्पणी गर्छन् र पतीत भएको ठान्छन् । यसबीच यी शाकाहारी अभियन्ता बुद्ध र बौद्ध धर्मका उपदेश आफूले अनुशरण गरेको पनि भन्छन् । तर, यसबाट प्रशस्त मात्रामा भ्रम सिर्जना गर्नुका साथै कतिपयलाई विचलित पनि पार्छन् । बौद्ध धर्मदर्शनको आधारभूत मान्यता कोही मान्छे शाकाहारी हुनु वा नहुनुमा निहित छैन । शाकाहारी र मांसाहारी भोजनले कोही बौद्ध हुन् वा होइनन् भन्ने कुराको निर्धारण पनि गर्दैन ।

बुद्धद्वारा निर्दिष्ट जीवनदर्शनमा अष्टांगिक मार्गको 'सम्येक आजीविका'को प्रावधान यहाँ आकृष्ट गर्न सकिन्छ । सम्येक आजीविकाअनुसार एक बौद्धले कस्तो काम गर्ने वा नगर्ने भन्ने सवालमा अनेक प्रावधानमा पशुपंक्षीको बिक्री वितरण नगर्ने, बिक्री वितरणका लागि लालनपालन पनि नगर्ने, मांशजन्य पदार्थको व्यापार व्यवसाय पनि नगर्ने रहेको छ । यसरी नै प्राणीको मरण हुने विषजन्य पदार्थको पनि कारोवार नगर्ने कुरा स्पष्ट रुपमा उल्लेख छ । पञ्चशीलको पहिलो 'प्राणीको मारकाट नगर्नू' अष्टांगमार्गको सम्येक आजीविकाको 'प्राणीको व्यापार व्यवसाय पनि नगर्नु' भन्नुको तात्पर्य एउटै हो ।

बौद्ध मान्यतामा मांशाहारी भोजन नगर्नु नै त भनिएको छैन । तर, कुनै पनि भोजनमा आशक्त नहुनलाई भने अवश्यै पनि जोड दिइएको पाइन्छ । मासु खानुपरे 'त्रिकोटी परिशुद्ध' मांशको अवधारणा छ ।

आदिट्ठ (आफ्नो लागि भनी प्राणी मारेको

नदेखेको), असुत (आफ्नै निमित्त भनी मारेको, मारिएको खबर आफूले नसुनेको) र असंकित (आफ्नै निमित्त मारेको हो भन्ने शंका नउठेको) तीन थरी मासु 'त्रिकोटी परिशुद्ध' मानिन्छ । कोही बौद्ध शाकाहारी हुन चाहन्छ भने हुन सक्छन् । यो उनको आफ्नो व्यक्तिगत कुरा हो । तर, बौद्ध धर्मले शाकाहारी हुनैपर्छ भन्ने आग्रह रहेको पाइँदैन भन्ने कुरा यसबाट प्रष्ट हुन्छ । यो नियम बौद्ध भिक्षु तथा भिक्षुणीमा मात्रै नभएर सर्वसाधारणमा पनि लागू हुन्छ । यही भएर कोही भिक्षुभिक्षुणी वा उपासक उपासिका मांशाहारी हुन्छन् त कोही हुँदैनन् ।

बौद्ध धर्ममा मांशभोजनमा प्रतिबन्ध लगाइएको छैन भन्ने कुरालाई कोही महायानी बौद्ध धर्मको 'लंकावतारसूत्र'लाई अगाडि राखी प्रतिवाद गर्छन् । यसअनुसार मासु खानु हिंसा हो । तर, पाली ग्रन्थ आमगन्धसूत्र अनुसार मासु खानु हिंसा होइन । हिंसा कसलाई भन्ने प्रश्नको जवाफ एउटै छैन । जसरी अन्यत्र हिंसाको जवाफ एउटै पाइँदैन त्यस्तै जैन र बौद्धबीच हिंसा र अहिंसाको परिभाषा नै फरक छ । जैनहरू आफूबाट कोही प्राणीको मृत्यु हुनुलाई पनि हिंसा मान्छन् भने बौद्धहरू नियतवश प्राण नलिएको अवस्थामा त्यसलाई हिंसा मान्दैनन् र त्यसबाट पाप लाग्ने कुरामा पनि सहमति राख्दैनन् । मासु भन्ने कुरा सजीव प्राणीबाट मात्रै मासु प्राप्त हुन्छ तसर्थ यो हिंसाबाट मात्रै प्राप्त हुन्छ भन्नु एक खालको अतिवाद हो । पशु मारेर मात्रै मासु प्राप्त हुँदैन, कालगति वा दुर्घटनाबाट पनि मर्छ । अन्यले मारिसकेको अवस्थामा प्राप्त मासुमा हिंसाभाव हुँदैन । यसलाई यसरी पनि बुझ्न सकिन्छ, बौद्धहरू आफैले प्राणीको वध गर्दैन् । तर, प्राप्त मासु पकाएर खान्छन् । कुनै पनि भोज्य पदार्थले सधैं र सबैको हित नै गर्छ भन्ने छैन । भोजनमा मासु कतिपयका लागि हितकारी हुँदैन वा बढी पोसिलो हुनाका कारण स्वास्थ्यका दृष्टिले पूर्णत: त्याज्य नै हुन्छन् र चिकित्सकले अल्पआहारका सुझाव दिएको हुन्छ । बौद्ध धर्ममा आएपछि प्राणी हिंसामा विरक्त हुनसक्ने एक प्रकारको आर्दश हो भने धर्म अभ्यासका क्रममा कतिपय कुरा त्याग्दै जाने क्रममा भोजनमा मासुजन्य पदार्थलाई कम गर्दै अन्तत: शाकाहारी नै पनि हुने गरेको पनि पाइन्छ । यस्तै कारण, रुचि वा अवस्था विशेषले मासु खानु हुँदैन भनेको कुरालाई नै परम्पराका रुपमा बुझ्नु समग्रमा बौद्ध धर्मलाई पटक्कै नबुझ्नु र कतिपय सन्दर्भमा बौद्ध समाजभित्र यो परम्पराकै रुपमा विकास भएको पनि पाइन्छ । स्वयम् गौतम बुद्धले विभिन्न प्रसङ्गमा मांशाहारी भोजन गरेका वृत्तान्तबाट अझ स्पष्ट हुन्छ ।

◆


# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. बसन्तराज शाक्य**

**अनमोल तिसाज्वलं (ज्वेलर्स)**

इनाचो, ख्वप, फोन नं. ६६११३८५, ९८४१२८५२९२

यहाँ तयारी गहना पाउनुका साथै अर्डरबमोजिम गरगहनाहरू तयार गरिन्छ ।

# बंगालका एक बौद्ध विद्वान डा. वेणीमाधव बरूआ



✍ रत्नसुन्दर शाक्य

२० औं शताब्दीमा भारतमा प्रादुर्भाव हुनुभएका केही बौद्ध विद्वानहरूमा डा. वेणीमाधव बरूआ (Dr. B. M. Barua) पनि एक प्रमुख थिए ।

उनको जन्म ३१ दिसेम्बर १८८८ का दिन हाल बंगलादेशको चटगाउँस्थित एक साधारण परिवारमा भएको थियो । आफ्नो प्रारम्भिक र माध्यमिक शिक्षा चटगाउँमै पूर्ण गर्नुभएका उनले सर्वप्रथम चटगाउँबाट मै पालीभाषा एवम् साहित्यको उत्थानको लागि विभिन्न योगदान दिँदै आएका थिए ।

सन् १९१२ मा सर्वप्रथम चटगाउँको "महामुनि एग्लो - पाली- इन्स्टिच्यूसन" मा हेडमास्टर पद्मा रही आफ्नो कार्य शुभारम्भ गरेका थिए । सन् १९१३-१४ मा कलकत्ताविश्वविद्यालयबाट पालीभाषामा एम.ए. उर्त्तीण गरेका उनलाई त्यस विश्वविद्यालयकै उपकुलपति सर आशुतोष मुखर्जी (सन् १८६४-१९२४) को अनुकम्पाबाट तुरन्तै अध्यापक (Lecturer) पदमा नियुक्त गरेको थियो ।

स्मरणीय छ, वेणीमाधव बरूआको कलकत्तास्थित "बौद्धधर्माङकुर सभा" र यसको संस्थापक भिक्षु कृपाशरण महास्थविर (सन् १८६५-१९२६) सित सन् १९१२ एवम् यसको अगाडिदेखि सम्पर्क रहेको देखिन्छ । सभाको कार्याविधिको इतिहासबाट स्पष्ट छ कि उनी सन् १९१२ देखि १९२४ सम्म बौद्धधर्माङ्कुर सभा (The Bengal Buddhist Association) का प्रधान सचिव रहेका थिए । यस अवधि (सन् १९१२-२४) भित्र मै उनले लण्डन विश्वविद्यालयबाट डी. लिट (D.Lit) को उपाधि प्राप्त गरेका थिए । यसको निमित्त उनको अध्ययन एवम् अनुसन्धानकाल ३ वर्ष (सन् १९१४-१७) को थियो । उनलाई Doctopate गराउने सम्पूर्ण प्रबन्ध "बौद्धधर्माङकुर सभा" ले नै गरेको थियो ।

सन् १९१७ मा डाक्टर भई लण्डनबाट फर्कनासाथ उनले विशेषत : दुइवटा प्रमुख कार्यमा हात लगाए । ती हुन् -

१) कलकत्ता विश्वविद्यालयमा स्थापना भइसकेको पाली विभागका एक स्थायी अध्यापकको रूपमा रही पालीभाषा एवम् साहित्यलाई विशेष योगदान दिनु ।

२) सन् १९०८ को आषाढपूर्णिमाको दिनदेखि शुभारम्भ भएको "बौद्धधर्माङ्कुर सभा" को मासिक पत्रिका "जगज्योति", सन् १९१६ मा त्यसको प्रधान-सम्पादक भिक्षु गुणालङ्कार महास्थविर (सन् १८७४-१९१६) को निधनपश्चात् झण्डै बन्द हुनलागेको त्यस पत्रिका सन् १९१७ मा डा. वेणीमाधव बरूआ लण्डनबाट फर्कनासाथ पत्रिकाको प्रमुख सम्पादकको पद पनि बहन गरेका थिए ।

सन् १९१७-२० सम्मको उनको प्रमुख-सम्पादनकालमा उनले "जगज्योति" पत्रिकालाई निकै स्तरीय तुल्याए । उनी आफैले पनि कैयौं अनुसन्धानात्मक रचनाहरू लेखी पत्रिकामा निरन्तररूपमा प्रकाशित गर्दै लगेका थिए जसमा केही प्रमुख रचनाहरू निम्न हुन्- बुद्ध धर्मको ऐतिहासिक वर्णन (The historical accounts of Buddhism) शाक्य, लिच्छवी र वज्जीहरूको विनाशको कहानी (The stories of destruction of the Sakyas the Lichhavis and the vajjis), गुप्तकालीन 'त्रिपुरा ' को हिन्दु धर्म र बुद्ध धर्मको अवस्था (The canditions of Hinduism and Buddhism of Tripura during the Guptas) बुद्ध-धर्ममा पुनर्जन्म (Rebirth in Buddhism) प्रो. अलेक्जेण्डर डेविड नीलको लेख बंगाली अनुवाद) बंगाली बौद्ध समुदाय (The Bengalic Buddhist Community), पश्चिममा बौद्धहरू (Buddhist in the west) आदि प्रमुख हुन् ।

यसको अतिरिक्त डा. वेणीमाधव बरुआकै प्रधान सम्पादकत्वकालमा केही जातकहरू पनि बंगालीभाषामा 'जगज्योति' पत्रिकामा निरन्तररूपमा प्रकाशित भएको थियो । सम्पूर्ण जातक बंगालीभाषामा अनुवाद भई प्रकाशित (हिन्दीभन्दा पहिले) हुनुअगाडि नै प्रकाशित भएका ती केही जातकहरू निम्न हुन्- महासीलव जातक (नं. ५१), पञ्चायुद्ध जातक (नं. ५५), महास्वप्न जातक (नं. ७७), संकल्प जातक (नं. २५१), धर्मद्धज जातक (नं ३८४) र चतुद्वार जातक (नं. ४३९) आदि । यी जातकहरूका साथै सम्पूर्ण पालीजातकहरू बंगालीमा अनुवाद गरी ६ खण्डमै प्रकाशित गराउनमा सफल भएका संस्कृत एवम् पालीसाहित्यका विद्वान् हुन्- ईशानचन्द्र घोष ।

भारतमा सर्वप्रथम पाली-भाषामा एम.ए. गरेका सतीशचन्द्र विद्याभूषण 'जो कलकत्ता विश्वविद्यालयका पालीको पहिलो अध्यापक थिए' को निधनपश्चात् सन् १९२५ देखि डा. वेणीमाधव बरूआ नै कलकत्ता विश्वविद्यालयका पाली-प्रोफेसर एवम् पालीविभागाध्यक्ष पनि नियुक्त भएका थिए । डा. बरूआ कलकत्ता विश्वविद्यालयमा सिर्फ पालीभाषा एवम् साहित्यका मात्र प्रोफेसर थिएनन् । उनी एक प्रमुख भारतविद् हुनाको कारण भारतका प्राचीन इतिहास, कला, संस्कृति आदि विषयमा पनि पूर्ण योग्यताका साथ पढाउँथे ।

डा. वेणीमाधव बरूआको अन्य एक उल्लेखनीय कार्य "नालन्दा विद्याभवन" को स्थापना एवम् सम्बर्द्धनलाई लिन सकिन्छ, यद्यपि यस

विद्याभवन "बौद्धधर्माङ्कुर सभा" द्वारा स्थापना भएको थियो तापनि पाली एवम् अन्य बौद्धशास्त्रहरूको अध्ययन अध्यापन गराउने हेतुले स्थापित यस विद्याभवनको आवश्यकता एवम् पूर्ति डा. बरूआको विशेष प्रयत्नबाट मात्र सम्भव भएको थियो, अत: उहाँलाई यस अध्ययन संस्थान (An Institute of pali and Buddhology) को पहिलो सभापति नियुक्त गरिएको थियो, यस्तै पहिलो सचिव भूपेन्द्रनाथ मुत्सुद्धिलाई नियुक्त गरिएको थियो ।

२० जून १९३५ का दिन शुभारम्भ गरिएको त्यस विद्याभवन शुरुमा कलकत्ताको धर्माङकुरविहार" बाट नै भएको थियो । पछि विहारकै कम्पाउण्डभित्र बनिएको आर्यविहारमा सारियो । स्मरणीय छ, "आर्यविहार" सेठ जुगलकिशोर बिडला (सन् १८८३-१९६७) ले आफ्ना पिता राजा बलदेवदास बिडलाको स्मृतिमा निर्माण गरिएको थियो । ११ दिसेम्बर १९३७ का दिन डा. सर्वपल्ली राधाकृष्णको हातबाट सम्पन्न गरिएको उद्घाटन समारोहमा कलकत्ताविश्वविद्यालयका तत्कालीन उपकुलपति डा. श्यामप्रसाद मुखर्जीको सभापतित्वमा भव्यरुपमा त्यस समारोह सम्पन्न गरिएको थियो ।

शायद त्यस समारोहमा नेपालका एक बौद्धविद्वान् धर्मादित्य धर्माचार्य (सन् १९०२-६३) पनि सहभागी रहेको हुनसक्छ कारण उनी सन् १९२१ देखि सन् १९३५/३६ सम्म कलकत्तामा रही पालीसाहित्य एवम् अन्य बौद्धसाहित्यको मात्र अध्ययन-अध्यापन गरेका थिएनन् बुद्धधर्मको प्रचार-प्रसारार्थ विभिन्न भाषामा पत्र-पत्रिकाहरू प्रकाशन गरि, विभिन्न सभा-सम्मेलनहरूमा सहभागी पनि भई साँच्चिकै धर्मदूतको उत्तरदायित्व बहन गरेका थिए ।

धर्मादित्य धर्माचार्यले सम्पादन गरी प्रकाशित गरेका पत्रिकाहरूमा "बौद्ध भारत" पनि एक प्रमुख थियो । यस पत्रिका हिन्दी र बंगाली दुबै भाषामा प्रकाशित गरिएको थियो । यसै सन्दर्भअनुरूप धर्मादित्य धर्माचार्यले डा. वेणीमाधव बरुआलाई साथ लिई दुवैको सम्पादकत्वमा अंग्रेजीमा "The Buddihst India" नामक पत्रिका पनि त्रैमासिकरूपमा २ वर्षसम्म अटूटरूपमा प्रकाशित गरेका थिए ।

यो सम्पूर्ण कार्यहरू (पत्र-पत्रिका प्रकाशन, सभा-सम्मेलनको आयोजना, सभा-सम्मेलनहरूमा सहभागी-भारतमा, बुद्ध-धर्मको अन्तर्राष्ट्रिय क्रियाकलापमा सहयोगि बोधगया मन्दिर बौद्धहरूको हातमा ल्याउनको निमित्त गरेको आन्दोलमा सहभागी हुनु, अग्रश्रावकहरूको अस्थिधातु लण्डनबाट भारत फर्काउनमा महाबोधि सभालाई टेवा दिनु, सारनाथमा निर्मित मूलगन्धकुटी विहार निर्माणमा टेवा आदि) धर्मादित्य धर्माचार्यले सन् १९३५ अगाडि नै सुसम्पन्न गरिसकेको थियो । अत: स्पष्ट छ, धर्मादित्य धर्माचार्यको सम्बन्ध डा. वेणीमाधव बरुआसित घनिष्ठ थियो ।

यसै कारण होला, सन् १९३५ अगाडि जापानमा सम्पन्न भएको विश्व बौद्ध सम्मेलनमा धर्मादित्य धर्माचार्यले आफूलाई सेक्रेटरी हुन ३०० यानका साथ आएको निमन्त्रणलाई डा. वेणीमाधव बरुआलाई खुसीसाथ सुम्पियो । धर्मादित्य धर्माचार्य जान नपाउनुको खासकारण नेपालको राणासरकारबाट फेरि नेपाल आउनु नपर्ने भए

गएपनि हुन्छ भन्ने खालको जवाफबाट आफ्नो सट्टा डा. बरुआलाई जापान पठाएका थिए ।

सन् १९३५।३६ पश्चात् धर्मादित्य धर्माचार्य नेपाल भित्रिए त डा. वेणीमाधव बरुआ आफ्नै विश्वविद्यालयको काममा व्यस्त थिए तर अफशोच उहाँको सन् १९३६ र ३७ पश्चात् एक दशकमात्र रह्यो कारण २३ मार्च १९४८ का दिन उनको आकस्मिक निधन भयो ।

डा. वेणीमाधव बरुआको निधनले "बौद्धधर्माङ्कुर सभाले आफ्नो एक ज्योति गुमाएको थियो त" महाबोधि सभाले आफ्नो एक विशेष, सल्लाहकार गुमायो । यस्तै कलकत्तास्थित इरान सोसाइटीले आफ्ना एक संस्थापक सदस्य एवम् उपाध्यक्ष गुमायो त बंगाली साहित्य परिषद्ले आफ्नो एक कार्यकारिणी सदस्य गुमायो ।

यस्तै यस्तै देश- विदेशका अन्य केही संघ-संस्थाहरूले पनि डा. वेणीमाधव बरुआको निधनबाट धेरैचीज गुमायो । बौद्धजगत्ले त एक उज्जवल तारा नै गुमायो । उपर्युक्त विभिन्न संघ, संस्था, विश्व विद्यालयका प्राय : सम्पूर्ण हितैषी (डा. बरुआका)हरू मिली उनको निधनको ४ दशकपश्चात् ३१ दिसम्बर १९८८ का दिन कलकत्ताको इण्डियन म्युजियमस्थित आशुतोष सभाभवनमा डा. बरुआको जन्मशतवार्षिक समारोह मनाइएको थियो । यसै अवसरमा बंगलादेशका संघराज भिक्षु शीललंकार महास्थविरले बुद्धको पवित्र अस्थिधातु जन-समक्ष प्रदर्शन गराएका थिए ।

◆


हार्दिक शुभकामना



शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा '**स्वांया पून्ही**'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजय पदम ज्यास
इनाचो, भक्तपुर-७



विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँ या पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।







वज्र सुन्दर गहना गृह
इनाचो, भक्तपुर -७

# दानी वेस्सन्तर -२

## (अष्टांकी नाटक)

**(पाचौं दृष्य)**

(पर्दा खुल्छ, घोडा नभएको रथको दायाँतिर वेस्सन्तर र बायाँतिर मद्दी विश्राम लिइरहेका देखिन्छन् । जाली र कृष्णाजिनी अलि पर चौरमा खेलिरहन्छन् । वेस्सन्तर जाग्दछन् र मद्दीको मुख हेरेर बोल्छन् ।)

**वेस्सन्तर:** मद्दी !

**मद्दी :** हजुर नाथ । (मद्दी पनि जाग्छिन् ।)

**वेस्सन्तर:** (चारैतर्फ हेरेर) अब त कोहीपनि याचकहरू आएको देख्दिनँ । अगाडि बढेपनि हुन्न र ?

**मद्दी:** हुन्छ । (पुत्र-पुत्रीलाई बोलाउँछिन्) बाबु जाली...

**जाली:** हजुर, मूमा...

**मद्दी:** कृष्णाजिनी...

**कृष्णा:** हजुर, मूमा...

**मद्दी:** खेल्नु पुगेन तिमीहरूको ?



**कृष्ण:** पुग्यो मूमा ।

**मद्दी:** जाऔं हामी, जाऔं ।
(दुबै बच्चाहरू दगुडेर आउँछन्)

**कृष्णा:** अब हामी कहाँ जाने, मूमा ? धेरै टाढा जानुपर्छ कि ?

**मद्दी:** (रिसाएर) कृष्णा, मैले त तिमीलाई ज्ञानी सम्झेको । तिमी त ... यस्तो कुरा गर्न कहाँबाट सिकेर आइस् ? बच्चाहरूले यस्तो नचाहिँदो कुरा सोध्ने हो ?

**वेस्सन्तर:** बच्चाहरूलाई किन गाली गरेको मद्दी ? उनीहरू थाकेका होलान् भोकाएका होलान् । प्यास

लाग्यो होला । कहाँ त्यो राजप्रसादको वैभव, सुखशयल र आनन्द । कहाँ यो वंक पर्वतको भयावह जंगल ! तिमी मसँग नआएकी भए यी विचरा बच्चा-बच्चीले यस्तो दु:ख भोग्नुपर्ने थिएनन् नि ।

**जाली:** बुबा, मलाई त थकाइ लागेको छैन, भोक लागेको पनि छैन, प्यास लागेको पनि छैन ।

**कृष्णा:** म पनि कहाँ थाकेकी छु र ? भोक पनि लागेको छैन, प्यास पनि लागेको छैन । दरबारमा भन्दा यहाँ क्या रमाइलो हगि जाली ?

**जाली:** हो त नि बुबा, मुमा, हगि कृष्णा !

**मद्दी:** तिमीहरूलाई यहाँ कसरी रमाइलो भयो, भन त ।

**जाली:** मैले हात्ति तीनवटा देखे । एउटा सानो कति राम्रो ।

**कृष्णा:** मैले पनि देखे मूमा । मूमा । हात्तिलाई पहिले मैले देखेको ।

**जाली:** आमा, हात्तिलाई पहिले मैले देखेको, कृष्णाले होइन ।

**मद्दी:** पहिला तिमीले पनि देखेको होइन, उसले पनि देखेको होइन ।

**दुबै:** अनि कसले देख्यो त पहिला ?

**मद्दी:** दुबैले पहिले देखेको (हाँसेर)

**वेस्सन्तर:** हो, दुबैले सँगै देख्यौ पहिला । जाउँ अब अरु जंगली जनावरहरू पनि हेर्दै जाउँ

**मद्दी:** ल ल रथमा बस्न जाऊ त दुबै ।

**कृष्णा:** उँ ऊँ...

**मद्दी:** किन उँ ऊँ नि...

**कृष्णा:** रथमा घोडा छैनन् ।

**वेस्सन्तर:** हो रथमा घोडा छैन । कहिँ यताउति गयो होला ।

**कृष्णा:** मूमा/मूमा, बुबाले दानदिइ पठाइबक्यो ।

**वेस्सन्तर:** हो र, ल मैले त भुसुकै बिर्से साँच्चै मैले दान दिइसकें ।

**जाली:** अब घोडा नभएको रथ कसरी चल्ला र ?

**वेस्सन्तर:** हो, घोडा नभएको रथ गुड्दैन । नगुड्ने रथमा हामी बस्दापनि बस्दैनौं । अब हामी हिँडेर जाने । है जाली, कृष्णा !

**दुबै:** हुन्छ, हुन्छ बुबा, हामी हिँडेर नै जाउँला ।

(सबै अगाडि हिँड्न मात्र के खोजे पछाडिबाट कसैले बोलाएको आवाज आउँछ) दानी वेस्सन्तर । दानी वेस्सन्तर पर्खनुहोस्, पर्खनुहोस् ।)

**मद्दी:** (फर्केर हेर्छिन ।) नाथ पछाडि कोहि लम्केर

आइरहेको छ । (वेस्सन्तर पनि फर्केर हेर्छन पछाडि एकजना याचक दगुर्दै अगाडि आइरहेको देख्छ )

**याचक:** वेस्सन्तरको जय होस् ! वेस्सन्तरको जय होस् ।

**वेस्सन्तर:** किन यसरी स्वाँ स्वाँ आउनेगरी दगुडेर आउनुभएको, के भयो ?

**याचक:** राजकुमार... हजुरले दान दिइबक्सेको सप्तसतिक दान लिउँ भनेर टाढाको गाउँबाट आएको हूँ । मेरो कर्म बिग्रेको हुनाले म समयमा आइपुग्न सकिनँ, यसकारण मैले दान पाउन सकिनँ । म विलम्बमा परेँ । राजकुमार, मेरा घरमा स्वास्नी छे, बच्चा-बच्ची छन् । म दान लिएर चाँडै आउनेछु भनि आएको । म केहि नलिइकन खाली हात घर गएँ भने उनिहरू निरास हुनेछन् ।

**बेस्सन्तर:** धेरै निरास हुनेछन्, याचक धेरै । तपाईको परिवार मात्र निरास हुने होइन, तपाईको आस पनि त निरास हुन्छ नि । तपाई जुन आसमा त्यति टाढादेखि आउनुभएको हो, त्यसको पश्चाताप पनि हुन्छ । अनि तपाईको परिश्रम सबै खेर जानेछ । तसर्थ...

**याचक:** हो राजकुमार, यस्तै अनुभव भयो । दान लिन्छु भनि दगुडेर आएको, हजुर बनवास हिंडेको खबर सुनेर मेरो हृदय क्वाँ- क्वाँ रोयो । धिक्कार मेरो कर्म, धिक्कार मेरो कर्म । भनेर मैले आफ्नो सिरका कपाल लुछि-लुछि रोएँ । हजुर कुन बाटोमा सवारी भयो भनि सोधेँ अरू याचकहरूसँग । म आइरहँदा बाटोमा घोडा दान पाइहाल्छ कि भनि दगुडेर आएको हूँ, राजकुमार ।

**वेस्सन्तर:** हे ब्राह्मण, तपाईको जे माग्ने इच्छा छ, माग्नुस् । मसँग भएको म दिन्छु ।

**याचक:** अरू के मागुँ कुमार । मैल ईच्छा गरेको मागुँ भने हजुरसँग केहि बाँकी रहेन । त्यसकारण उ त्यो रथ एउटा भए पुग्छ ।

**वेस्सन्तर:** खुशीसाथ लैजानुहोस् रथ । त्यो त मैले पहिले नै त्याग गरीसकेँ ।

**याचक:** हजुरको जय होस् । जय-जय होस् ।
(याचक रथ तानेर लान्छ ।)
(एकजना आगन्तुक भेट हुन्छ बाटोमा ।)

**वेस्सन्तर:** महाशय । एउटा कुरा सोध्न हुन्छ कि ?

**आगन्तुक:** हुन्छ, किन नहुनु सोध्नुस् ।

**वेस्सन्तर:** हामी वंकपर्बत जानभनि आएका । कहाँबाट जाने होला बाटो थाहा छैन । बरु तपाईलाई थाहा छ भने बताइदिनोस् न ।

**आगन्तुक:** वंकपर्वत त टाढै छ । आज तपाईहरू चेत राजाको राज्यसम्म पुग्नु सक्नुहुन्छ । चेत राजाको राज्यबाट दक्षिणतर्फ गएपछि त्यहाँ गन्धमादन भन्ने ढुङ्गाको पहाड भेटिन्छ । त्यहाँबाट उत्तर विपुल पर्बत, बेनुमती खोला, नालिक पर्बत, मुचलिन्द दह, त्यहाँबाट साह्रै राम्रो निर्मल जलले भरिएको एकदम

स्वच्छ पोखरी भेटिन्छ, बस त्यहि नै वंक पर्वत हो ।

**वेस्सन्तर:** धन्यवाद महाशय, धन्यवाद । अब हामी प्रस्थान गर्छौं ।

**आगन्तुक:** (मन मनै आफै गुन्छ ।) मेरो विचारमा यिनी साधारण मानिस होइनन् । पक्कैपनि राजखानदानका होलान् । म पनि मूर्ख, केहि भलाकुसारी त गर्नु पर्थ्यो मैले । कहाँबाट पाल्नुभएको, हजूरको नाम के हो ? हजूर को हुनुहुन्छ ? त्यहाँ किन जान लाग्नुभएको आदि कुरा सोध्नु त पर्थ्यो नि । धत्, धिक्कार । (बाटोमा जुजुक कराउँदै आउँछ–वेस्सन्तर राजकुमार ! वेस्सन्तर राजकुमार ? कहाँ होइसिन्छ वेस्सन्तर राजकुमार !)

**आगन्तुक:** (आश्चर्य मानेर) अहो, वेस्सन्तर नाम लिइ कराउँदै आएको, वेस्सन्तर त सिवी राज्यका राजकुमार हुन् । अघि भेटेको मानिस उनै दानी वेस्सन्तर नै हुनसक्छ । वेस्सन्तरलाई एक न एक आपद-विपद परेको हुनुपर्छ । किन वंक पर्वत जानलागेका स्वास्नी पुत्रपुत्री लिएर । यस्मा केहि रहस्य अवश्य होला । यो कराएर आउने को होला ? म लुकेर हेर्छु । (आगन्तुक रुखको पछाडि लुक्न जान्छ । जुजक कराउँदै, कराउँदै आउँछ ।)

**जुजक:** थाकें अब त उफ् । खोज्दा-खोज्दै कायल भएँ । (यताउति हेर्छ, कोहि आइरहेको छ कि भनि ।) अहँ, कोहि पनि छैन, बाटोमा पनि भेटिएन । कस्लाई सोधूँ अब । ए मन्द-मन्द हावा, तिमीले देख्या छ कि वेस्सन्तरलाई ? उसलाई खोज्दा-खोज्दै मैले दु:ख पाएँ, थाकें । जंगलको कुना-काप्चामा खोजिसकें । महापर्वतको गुफा, गुफामा पुगें । तर वेस्सन्तरलाई भेटाउन सकिनँ । देख्न सकिनँ । तिमीले देखेका छौ भने, ए हावा ! देख्याछु, भन । देख्या छैन भने छैन भन ।

**जुजक:** ए रुख, तिमिले देखेका छौ वेस्सन्तरलाई ? (रुखमा लुकेर बसेको आगन्तुकले देखेको छैन भनि बोल्छ ।) लौ उसले पनि देख्या छैन, भन्यो कसैले देखेको छैन भने कहाँ गयो होला ? के वेस्सन्तरलाई बाघ भालुले खायो कि, सर्पले टोक्यो कि ? (त्यसबेला बाघ, भालु, श्याल, कुकुर कराएको आवाज आउँछ, जुजक डराउँछ बेस्सरी ।) आमै, डराएँ म, वेस्सन्तरलाई यी जंगली पशुहरूले मारेर खायो होलान् । याचकहरूलाई सन्तोष पारी दान दिने वेस्सन्तर ! मेरो भय हरीदिने वेस्सन्तर ! हात्ति दान दिएकोले देशबाट निकालामा परेका वेस्सन्तर अब जंगलका पशुहरूको गाँसमा पर्नगयो कि, हरे ! अब मेरो इच्छा कसरी पूरा होला ? (आगन्तुक रुखमा लुकेर नै बोल्छ ।)

**आगन्तुक:** तिमी को हौ, ?

**जुजक:** म...म ... पहिले तिमी नै बताउ, तिमी को हौ ?

**आगन्तुक:** बताउँछौ कि नाईं ? चाँडै भन नत्र तिम्रो ज्यान जानेछ ।

**जुजक:** (डराउँछ ।) ज्यान जान्छ ? ज्यान जान्छ ?

मलाई नमार, मलाई नमार, बताउँछु ।

**आगन्तुक:** छिटो बताऊ, बिस्तार किन ?

**जुजक:** बताउँछु, बताऊछु । म... म... जुजक हुँ ।

**आगन्तुक:** तिमी यहाँ किन आयौ ? (आगन्तुक पर्छ) के तिमी राजकुमार वेस्सन्तरसँग दान माग्नआएको हो ? दान मात्र लिएर वेस्सन्तर राजकुमारलाई आफ्नो राजपाट, देश, प्रजा, आमा बुबा छोडाएर वनवास पठाएर पनि नपुगी अझ दान लिन आएको ? ए मगन्ते बाउनहरू ! वेस्सन्तरका सारा सुख-वैभव दान लिइसकेपछि पनि नपुगेरै अब के उहाँको प्राण माग्न आएको हो ? दान मात्र पाए पुग्छ तिमीहरूलाई ! दाता मगन्ते भइसक्दासम्म पनि दान मागीरहने ए लोभी बाउनजात ! दाता भोक भोकै मरे पनि मतलब नभएका पिशाच बाउनहरू ! तिमीहरूलाई कति दान चाहिएको हैं ? इन्द्रको स्वर्ग नै दान पाए पनि पुग्दैन तिमीलाई ! मगन्ते जात ! तिमीजस्ता दान-राक्षसलाई त मारेपनि पाप लाग्दैन । मारुँ तिमीलाई, हाँइ ?

**जुजक:** अहो, मलाई नमार्नू, बिन्ती । मेरो कुरा सुन्नुस् । म ब्राह्मण होइन, म राजदूत हुँ, राजदूत । राजकुमार वेस्सन्तर पुत्र-पुत्री र पत्नी सहित वनवास गएदेखि उनका आमाबुबा साह्रै दुखी भइरहेकाछन् । महारानी फुसतिदेवी रुँदा-रुँदै मूर्छित अवस्थामा पुगिन् । म वेस्सन्तरलाई फर्काएर ल्याउँछु भनेर उनलाई खोज्दै आएको हुँ यहाँ ।

**आगन्तुक:** अनुहार हेर्दा त राजदूत जस्ता छैनन् । तैपनि तिमीले भन्यौ, मैले मानें । राजदूतलाई मार्नु राज्यको नै अपमान हो, त्यसकारण तिमी बच्यौ, नत्र... ।

**जुजक:** धन्यवाद । अहिले म बिदा हुन्छु । (पटाक्षेप हुन्छ ।)

**(छैठौं दृश्य)**

(पर्दा खुल्छ ।)

**वेस्सन्तर:** हे मद्दी, तिमी किन निन्याउरो मुख लाएर बसेकी ? मैले पहिले नै तिमीलाई भनेको थिइनँ र हामी प्रव्रजित जस्ता भयौं भनेर । हाम्रो वाचा न तोड, प्रिय मद्दी ।

**मद्दी:** नाथ, म क्लेशको बसमा बसेकी होइन । मैले नराम्रो सपना देखें । मैले देखेको सपना एकदम डरलाग्दो छ । म डराएँ, नाथ ! म डराएँ ! अझैपनि मेरो हृदय बेस्सरी धड्कीरहेकाले शरीर लुग- लुग कामिरहेको छ हजुर ! के भएको होला मलाई प्रभु, हे नाथ केहि अनिष्ट हुने संकेत त होइन यो ?

**वेस्सन्तर:** तिमीले सपनामा त्यस्तो के देख्यौ, प्रिय ?

**मद्दी:** (रुँदै) एकजना गेरुवा वस्त्र लगाएको कालो मान्छेले रातो फूलमाला मेरो काँधमा राखेर हातमा खुकुरी लिएर मलाई सास्ति गर्‍यो । मेरो चुल्ठो समाएर भुइँमा बजार्‍यो । रुवाइ- रुवाई मेरा दुइटै आँखा झिक्यो । मेरो दुइटै हात काटिदियो र मेरो छाति चिरेर मुटु झिक्यो । बिउँझेदेखि नै मैले आफुलाई संभाल्न नसकेर हजुरकहाँ आएकी हूँ ।



यो सपना कुनै ठूलो अनर्थ हुने, आपत आइलाग्ने संकेत त होइन र, स्वामी ?

**वेस्सन्तर:** त्यसरी किन डराउँछौ, प्रिय। सपना नराम्रो देख्नुले यथार्थ जीवनलाई केहि बिगार गर्दैन। सुत्दा नमिलेकोले पनि हुन सक्छ, भोजनको कुफतले पनि त हुनसक्छ। शरिरमा वायु प्रकोप भएर पनि सपना नराम्रो आउनसक्छ, प्रिय।

**मद्दी:** होइन प्रिय, मलाई नछकाउनुहोस्। मेरो सपनाको असर पक्कै नराम्रो हुन्छ। प्रिय नाथ। अहो, अब के हुन्छ होला ?

**वेस्सन्तर:** धैर्य गर मद्दी, धैर्य गर। त्यो तिम्रो भ्रम मात्र हो। भ्रम डरलाग्दो हुन्छ र भ्रमले संताप जन्माउँछ। विचार गर त, सपना हाम्रो जीवनमा कति देख्यौं कति, त्यसको गन्ति छ र ? सपनामा देख्दैमा बिपनामा, जीवनमा कस्ले के लिएको छ, कसले के दिएको छ र ? सपना भनेको मिथ्या हो। यो सम्झी चित्तलाई शान्त पार। केहि पनि बिगार हुँदैन। पीर नलेऊ। हुने नभइ छोड्दैन, सपना देखेपनि न देखेपनि।

**मद्दी:** (रुँदै) यो के हुन लागेको ? हरे।

**कृष्णा:** मूमा किन रोएकी। नरुनुहोस्, मूमा। नरुनुओस्।

**जाली:** के भयो मूमा, हजुरलाई के भयो, मूमा ? (मद्दी हिक्का छोडरे रोइरहन्छिन्)।

**कृष्णा:** नरोइस्योस् भन्या, मूमा। (कृष्णा पनि रुन्छिन्।)

**जाली:** नरोइस्योस् मूमा, नरोइस्योस् न...

**वेस्सन्तर:** प्रिय मद्दी, तिमी त्यसरी रोएपछि यी बच्चाहरूले मन थामेर बस्न सक्लान् र ?



बच्चाहरूलाई खिन्न नपार मद्दी !

**मद्दी:** भो, अब म रुँदिन । मेरा प्यारा छोरा-छोरी ! (कृष्णा र जालीलाई अंगालो मार्छिन् ।) मेरा हिरा, मेरी मोति ... हेर, तिमीहरू टाढा-टाढासम्म खेल्न नजाऊ है ...।

**जाली:** हामीहरू कहिं जाँदैनौं मूमा । हजुरलाई के भयो मूमा ?

**मद्दी:** केहि पनि भएको छैन ।

**कृष्ण:** अनि किन रोइस्या नि ?

**मद्दी:** त्यसै त्यसै रुनु आयो, केगर्नु मलाई ।

**जाली:** त्यसो भए आज हजुर फलफूल टिप्न नगइस्योस् ।

**मद्दी:** किन र ?

**जाली:** त्यहाँ पनि हजुर एक्लै रोइवक्स्यो भने कसले फकाउला नि ?

**मद्दी:** म रुँदिन छोरा ।

**कृष्णा:** हजुर त्यहाँ फलफूल टिप्न जाँदा रोइरहने हो भने, हामीपनि संगै आउँछौं मूमा ।

**मद्दी:** म रुँदिन, सत्य रुँदिन । (वेस्सन्तरलाई हेरेर) स्वामी, कृपया आज विशेषरुपले यी बच्चाहरूलाई हेरविचार गरिबक्स्योस् । म फलफूल टिप्न जान्छु । मेरा मुटु ए जाली, ए कृष्णा, हेर तिमिहरू यहाँबाट टाढा-टाढा खेल्न नजाउ है । तिमीहरू दुबै ज्ञानी छौ । म फर्कंदा तिमीहरूलाई मिठा-मिठा फलफल ख्वाउँला है !

**कृष्णा:** हवस् मूमा, हामीहरू कतै जान्नौं ।

**जाली:** मूमा, चाँडै फर्कनुहोस् है ।

**मद्दी:** ल ल । स्वामी जान्छु म । (मद्दी त्यहाँबाट जान्छिन् ।)

### (सातौं दृश्य)

**जाली:** (जुजकलाई देख्नासाथ) हेर त कृष्णा, एकजना बुढो मान्छे, त्यो त याचक ब्राह्मण जस्तो लाग्छ ।

**कृष्णा:** केहि माग्नआएको जस्तो छ ।

**जाली:** बुबा, हेरीबक्स्योस् त, बुढो याचक आउनुभो ।

**कृष्णा:** ब्राह्मण बाजे आउनुस्, आउनुस् ।

**जुजक:** (हकार्छ ।) के आउनुस्, आउनुस् भनेर गिज्याएको, आइरहेको देखेनौं आँखाले ?

**जाली:** किन रिसाउनुभएको बाजे । (वेस्सन्तरलाई हेरेर हाँसि- हाँसि भन्छ-)

**जुजक:** रिसाउँदैन त, जान्ने भएर कुरा गर्छ बच्चाहरू ठूलाको अगाडि । (विस्सन्तरलाई हेरेर)

**जुजक:** हजुरहरू सञ्चै हुनुहुन्छ ? हजुरहरूको

गाथमा आरामै त होला नि। जङ्गलमा अरू प्राणीहरूबाट भय त छैन ?

**वेसन्तर:** सबैलाई कुशल छ। अनि तपाईलाई नि ब्राह्मण ?

**जुजक:** कुशल नै भन्नु पर्ला।

**वेस्सन्तर:** यस्तो साह्रै जिउलाई कष्ट दिएर जंगलमा के कारणले आउनु भएको ब्राह्मण महासय ?

**जुजक:** प्यासी जोसुकैले जति खाएपनि समुद्रको पानी सुक्दैन। हजुर दानको सागरसँग केहि मागुँ भनेर आएको, राजकुमार।

**वेस्सन्तर:** साह्रै बेस भयो तपाई आउनुभएको। धेरै महिना भैसक्यो केहिपनि दान दिन नपाएको। मेरो दानको द्वार बन्द भएसरि भयो। आज खुल्ने भो। म साह्रै खुशि छु, ब्राह्मण देवता। साह्रै खुशि छु। चाहेको माग्नुस् यद्यपि मसँग धन सम्पत्ति केहि पनि छैन। मसँग भएका जे पनि दिन तयार छु। कृपया माग्नुस्।

**जुजक:** ए महादानी वेस्सन्तर, हजुर धन्य हुनुहुन्छ। मलाई धन सम्पत्ति चाहिँदैन। मलाई हजुरले आफ्नो स्वचित्तले दान दिने हो भने हजुरका पुत्र-पुत्री दान दिनुहोस् सन्तान दान जस्तो अरू कुनै पुण्यलाभ हुने दान छैन, वेस्सन्तर। मलाई पूरा आशा छ। हजुरले मलाई आफ्ना दुईजना सन्तान दान दिएर मेरो मनोकाँक्षा पूरा गर्नुहुनेछ।



**वेस्सन्तर:** हे ब्राह्मण, यी दुबै बालक हजुरकै भए। मैले यी बालकहरू दानमा दिएँ हजुरलाई। यिनीहरूको मालिक म होइनँ, अब हजुर नै भए। जुजक- हजुरको जय होस्। राजकुमार वेस्सन्तरको जय होस्।

**वेस्सन्तर:** परन्तु एउटा कुरा, बालकहरूका आमा मद्दीदेवी फलफूल टिप्न गएकी छिन्। उनी साँझतिर फर्किन्छिन्। यसकारण हे ब्राह्मण देवता, आज यहिं आराम गर्नुस्। भोली बिहान हुने बितिकै बालकहरू लिएर जानुस्।

**जुजक:** मेरो इच्छा त अहिले नै यहाँबाट बालकहरू लिएर जानु हो। आज म यहाँ बसेँ भने हजुरको यो पुण्य-कार्यमा बाधा आउनसक्छ। आइमाई भनेका कपटी, छली, जाली जात। मद्दी देवीले मलाई बालकहरू दिएर पठाउने छैनन्। यसकारण म मद्दिदेवी नआउँदै जान्छु। चाँडै बालकहरू दिइबक्स्योस्। यी सन्तान दानको फलले अवश्य नै हजुर स्वर्गमा पुग्नुहुनेछ। विलम्ब, नगर्नुहोस् बालकहरू सौंप्नुहोस्। दानकर्ममा बिस्तार नगर्नुहोस्। तुरन्त दानं महापुण्य।

**वेस्सन्त:** मद्दीलाई पर्खने धैर्य छैनभने ठिक छ । यी बालकहरूलाई लिएर संजय महाराजकहाँ जानुस् ।

**जुजक:** नाईं-नाईं, म संजय महाराजकहाँ जान्नँ । बालकहरू चारेर ल्याएको शंकामा मेरो प्राण लिन बेर छैन ।

**वेसन्तर:** मेरा बुबा महाराज संजयले त्यस्तो केहि पनि गर्नुहुने छैन । किन डराउनुभएको ब्राह्मण ! उहाँ प्रतापी, धर्मात्मा राजा हुनुहुन्छ । बालकहरूको मुहार देख्ने बित्तिकै महाराजले तपाँइलाई धन्यवाद दिएर धेरै धन-सम्पत्ति दिनुहुनेछ ।

**जुजक:** मलाई संजय महाराजको धन पनि चाहिँदैन, धन्यवाद पनि चाहिँदैन । मलाई यीं दुइजना बालकहरू भए पुग्छ । यिनीहरू मेरी स्वास्नीलाई सुम्पेर दास-दासी बनाई राख्नपाए मैले सबै पाएको हुन्छ । मलाई इन्द्रको स्वर्ग पाएको जस्तो हुन्छ । खोइ बालकहरू, कहाँ गए ? (जुजक बालकहरू खोज्न जान्छ । बालकहरू डराएर भाग्छन् ।)

**जुजक:** मलाई दान दिनुभएका बालकहरू खोइ ? दास-दासी बनाउँछु भनेकोले बालकहरूलाई भगाएको त होइन ? बालकहरूप्रति यति माया छ भने मलाई बालकहरू दान किन दिएको ? अनि दानी वेस्सन्तर कहलाएर यति ठूलो दर्जा किन लिएको ? लाज छैन, शरम छैन हजुरलाई ?

**वेस्सन्तर:** नरिसाउनू ब्राह्मण देवता । म बालकहरू खोजेर ल्याइदिन्छु नि ।

**जुजक:** तुरन्तै ल्याइदिनुओस् । अहिले नै बालकहरू मलाई सौंप्नुहोस्, नत्र राम्रो हुनेछैन ।



**वेस्सन्तर:** (बालकहरूलाई बोलाउँछन् ।) प्रिय पुत्र जाली, पुत्री कृष्णा, तिमीहरू कहाँ छौ ? ल दुबैजना चाँडै आऊ । केहि दु:ख संताप नलिइ मेरो अगाडि आऊ त । तिमीहरू आएनौ भने म कलंकित हुनेछु, ढोंगी हुनेछु जाली फताहा कपटी हुनेछु । मेरो पारमिता पूर्ण हुँदैन । यो भवरुपी सागर तर्न तिमीहरू दुइजना डुङ्गा भइदेऊ । आफू जन्ममरणको सागरबाट पारतरेपछि यो सारा जगतलाई पार गराउनेछु म ।

**जुजक:** हँ... वेस्सन्तर, म जुजक ब्राह्मण एकजनालाई त पार लाउन नसक्नेले जगतलाई पारलगाउने कुरा बिर्सिदिउ । ल चाँडै बालकहरू देऊ मलाई । (जाली र कृष्णाजिनी आउँछन् ।)

**वेस्सन्तर:** प्रिय जाली, प्रिय कृष्णा ! यहाँ अगाडि आऊ त । तिमीहरूलाई थाहा नै छ, मेरो काम दान दिनु हो । यसकारण तिमीहरू दुबैलाई यो ब्राह्मण देवतालाई दान दिइसकें । तिमीहरूले कुनै दु:ख संताप मान्नेछैनौ भन्ने मलाई विश्वास छ । यो तिमीहरूको उपकार र गुणलाई म कहिले पनि बिर्सने छैन । हे जालीकुमार ! यिनी ब्राह्मणको दासताबाट यदि मुक्त हुने मन छ भने यिनलाई

एकहजार असर्फी तिरेर मुक्त होऊ । अनि बहिनीलाई दासताबाट मुक्त गर्नु छ भने सर्वशत दिएर मुक्त गर । तर सर्वशत भनेको राजा बाहेक कसैले पनि तिर्न सक्दैन ।

**जुजक:** मलाई जतिसुकै धन-सम्पत्ति दिएपनि बालकहरू म कसैलाई पनि दिन्न भन्दाभन्दै पनि एक हजार असर्फि र सर्बशतको कुरा कहाँबाट आयो ! अहँ, यी बालकहरू म कुनै हालतमा पनि कसैलाई पनि दिन्नँ । ल चाँडै बालकहरू सौंपि देउ । नत्र जबर्जस्ति तानेर लानेछु, म ।

**वेस्सन्तर:** ल लिनोस्, यी बालकहरू । यी बालकहरू मलाई मन नपरेर दान दिएको हैन । यी बालकहरू मेरा आफ्ना मुटु र आँखा भन्दापनि प्यारा छन् । अनि यी बालकहरूभन्दा हजारगुना बढ्ता मलाई त्यहि सर्वज्ञ बुद्धत्व मन पर्छ । यसकारण मैले यी बालकहरू दान दिएँ । तपाईलाई सुम्पिदिएँ । (दान दिन्छन् । त्यसबेला पृथ्वी कम्प हुन्छ । बिजुली चम्कन्छ ।) (जुजक दुबै बालकहरूलाई जंगली लहराले बाँध्छ ।)

**जुजक:** ल जाउँ...
(जुजकले लहराले तानि-तानि बालकहरू लैजान्छ । वेस्सन्तर एकसुरले तुलु-तुलु हेरी मात्र रहन्छन् ।) जाली–प्रिय बुबा ! मूमा वनमा गएकी छिन् । हजुरले भने हामीलाई दान दिईबक्स्यो । मूमा नफर्किएसम्म हामीलाई नपठाइबक्स्योस् न ! हामी मूमा-बुबाको अनुहार हेरिसकेपछि जान्छौं । बुबा ! मूमाको मुहार एकपल्ट हेर्छौं ब्राह्मणले मारे पनि हामीलाई कुनै सुर्ता छैन, डर छैन ।



**जुजक:** मार्छ, कि काट्छ । के गर्छ, के गर्दैन ? ल जाऊँ । तिमीहरू अब मेरो दास-दासी भयौ । थाहापाइस्, अब । मेरो आज्ञा मान्नु पर्छ अब । ल जाऊँ (पिट्छ ।)

**जाली:** बुबा, यस्तो राक्षस, निर्दयी, पिशाचले सास्ती गरेर तानेर लाँदा पनि हजुर कसरी चुप लागेर बक्सेको ? मूमाबुबाको हृदय आफ्नो सन्तानप्रति कोमल हुन्छ, भनिन्छ । तर हजुरको त ढुँगाभन्दा पनि साह्रो जस्तो छ कि क्या हो बुबा ? यो अधर्मी ब्राह्मणले यस्तो साह्रो पिटेको देख्दा पनि नदेखेको जस्तो गरिबक्स्यो हजुरले । के हामी हजुरको सन्तान होइनौं र ?

**कृष्णा:** प्रिय बुबा, यो ब्राह्मणले पिटेको मैले सहन सकिनँ । मूमाको मुख एकफेरा हेर्न पाउँ ।

**जाली:** बुबा, कृष्णाजिनी दान नदिइबक्स्योस् । म एकजना मात्र दान दिइबक्स्योस् । मूमाको मुख हेर्न पाएन भने मेरी बहिनीले रोइ-रोइ प्राण दिन्छे । उ दानमा नदियोस् ।

**जुजक:** दुबै दान दिइसके । किन उ नदेउ, म देउ भनि कराइरहेको ? ल ल जाउँ...(तानि-तानि लान्छ ।)



**जाली:** प्रिय बुबा, यो ब्राह्मणले कुटेको दु:खभन्दा हामीलाई मूमाको मुख हेर्न नपाएको दु:ख ठूलो र पिडादायी छ । हरे, मूमा जंगलबाट फिर्दा कृष्णा नदेखेपछि कति रुन्छिन् होला मूमा...कति रुन्छिन्, प्रिय मूमा,...हामीले हजुरलाई यसरी छोडेर जानुपर्यो । हे मूमा...हे.बुबा ... हामी जान्छौं । मूमालाई हामी कुशल छन् भन्नुहोस् । हजुरको सधैं मंगल भइरहोस् । कल्याण होस् । हामीहरू नदेखेपछि मूमाले बिरह गरिन्भने हजुरले सम्झाववस्योस्, मूमालाई रुन नदिनुहोस् । हाम्रो बिन्ती छ ।

**कृष्णा:** मूमा...

**जुजक:** कहाँ मूमा, सुमा बुबा, सुबा । कति कराउनुपर्ने झटींगर फुच्चाहरू । (जुजकले बालकहरूलाई तानेर लान्छ । वेस्सन्तर विलाप गर्छन् ।)

**वेस्सन्तर:** हे मेरा सन्तान, मेरा पुत्रपुत्री ! आइन्दा मैले तिमीहरूको मुहार कहिले देख्न पाउँला ? भोक-प्यास लाग्दा तिमीहरूलाई कस्ले ख्वाउला ? त्यो बाउनले तिमीहरूलाई अत्याचार गर्यो । त्यस्तो राक्षसको हातमा तिमीहरू सौंपीदिएर मैले तिमीहरूलाई घोर अत्याचार गरें । अहो, ममा हृदय नै छैन कि ? भएपनि फलामको हृदय बोकेर बसेको छु । म आफैंलाई धिक्कार, धिक्कार भनि सयौंपटक धिक्कार दिँदैछु । ...त्यो ब्राह्मणले...मेरो सन्तानहरूलाई अचाक्ली सास्ती गर्‍यो । उसलाई दुइटुका पार्नेछु ..। ए राक्षस बाउन ! पख, पख, मेरो सन्तानहरूलाई कष्ट दिने तँलाई काट्छु, मार्छु म । मैले त्यो बाउनलाई मार्नुपर्छ, कि पर्दैन ? अहो ! होइन, होइन मैले अब यसरी सोच्न पनि हुँदैन । सन्तानहरू त मैले दान दिइसकें । उनिहरू अब मेरा रहेनन् । उनीहरूलाई त्यो ब्राम्हणले जे गरोस्, मलाई केको वास्ता ! दान दिइसकेपछि पश्चाताप गर्नु सत्य धर्म होइन । कोही बोधिसत्वले पनि यसरी आफ्नो जिउको अंग, प्राण, पुत्र-पुत्री, पत्नी दान नदिइकन सम्यकसम्बुद्ध भएका छैनन् । मैले पनि त्यसरी नै सबै दान दिनुपर्छ । (बालकहरू भागेर वेस्सन्तरकहाँ आउँछन् । जुजकले फेरी तानेर लान्छ ।)

## (आठौं दृष्य)

**इन्द्र:** ए दानी वेस्सन्तर । (वेस्सन्तर झसंङ्ग हुन्छन्) हाय्, सन्तान दान दिएर वेस्सन्तरमा पश्चाताप, हास्यास्पद, हा हा हा हा...।

**वेस्सन्तर:** हैन, पश्चाताप होइन, न संताप नै हो ।

**इन्द्र:** त्यसो भए किन त हजुरको मुहारमा ग्रहण लागेको ?

**वेस्सन्तर:** बाध्यताले गर्नु परेमात्र मानिसहरूमा पश्चाताप हुन्छ, संताप हुन्छ । मैले जुन दान दिएँ त्यो कसैको कारकापले होइन, आफ्नो इच्छाले हो । आफ्नो स्वच्छाले हो । मेरो त यहि चिन्ता हो कि म आफ्नो बाटोमा भ्रष्ट नहोउँ । मेरो चित्त नडगमगाओस् । लक्षमा पुग्न सकियोस् ।



**इन्द्र:** हजुरको पुत्रपुत्री दानले अवश्य पनि दानको महिमा अमर भयो । परन्तु...फल...?

**वेस्सन्तर:** कर्म फलको लोभमा मैले दानकर्म गरिरहेको होइन । न त अमर हुने मोहले नै । मसँग भएका बस्तु अरुलाई काम लागोस् भन्ने आशय हो मेरो । परन्तु हजुर को हुनुहुन्छ ? किन यहाँ पाल्नुभएको ? मैले त हजुरलाई सोध्नै बिर्सें ।

**इन्द्र:** भगवान्को मन्दिरमा वरदानको इच्छाले नै त भक्तजनहरू जान्छन् । कुनै प्राप्त गर्ने आसमा जान्छन् । कुवामा प्यासी मान्छे मात्र पुग्छन् । त्यस्तै दानको खानी हजुरकहाँ याचकहरू त हो नि धेरै आउने । वेस्सन्तर राजकुमार । म पनि एकजना याचक ब्राह्मण हूँ । केहि दान मागुँ भनि यस अनकन्टार जंगलमा आइपुगेको हूँ । वेस्सन्तर– साँचै हजुरको उपस्थितिले मलाई अपार सुखको अनुभव भयो । दान मात्र दिन रुचाउने यो मनको व्याकुलता पनि शान्त भयो । के चाहियो ? माग्नुस् । जे जस्तो आग्रह पनि स्वागत छ, स्वीकार छ । दान लिन दुख-कष्ट सहेर हजुर यस अनकन्टार जंगलमा पाल्नुपरेकोमा म साह्रै दुःखी छु ।

**इन्द्र:** यो त हजुरको महानता हो, राजकुमार ।

**वेस्सन्तर:** के चाहियो, आज्ञा होस् ।

**इन्द्र:** मैले मागेको वस्तु मलाई अबश्य प्राप्त त हुन्छ, हैन त राजकुमार ?

**इन्द्र:** मसँग नभएको वस्तु त हजुरले अवश्य पनि माग्नुहुन्न । त्यसकारण मलाई विश्वास छ हजुर निरास भएर फर्कनु पर्दैन होला । (त्यसैबेला मद्दी आउँछिन् । बालकहरू देख्दैनन् । मन्द-मन्द हाँसी यताउति हेर्छिन् । बालकहरू देख्दैनन् । ट्वाल्ल पर्छिन्, मुख निन्याउँरो पार्छिन् । इन्द्रको अनुहार हेर्छिन् । वेस्सन्तरकहाँ जान्छिन् ।)

**मद्दी:** स्वामी, बालकहरू खोइ ? (वेस्सन्तर बोल्दैनन् ।) कहाँ गए मेरा छोराछोरीहरू ? कतै टाढा खेल्न त गएनन् ? कि कतै पठाउनुभयो ? (वेस्सन्तर बोल्दैनन् । मद्दी त्वाल्ल पर्छिन् र बालकहरूको नाम लिइ बोलाउँछिन् ।) छोरा जाली, छोरी कृष्णा...कता गयौ तिमीहरू । (फेरि वेस्सन्तरकहाँ जान्छिन्) स्वामी, खै बोलाए पनि बच्चाहरूले हँ, आएँ भनि बोलेको चुइक्क पनि आवाज आउँदैन । मेरो बच्चाहरू कहाँ गए ? हजुर किन चुप लागिबक्सेको, नाथ ? मेरा बच्चाहरू कहाँ गए बताउनुहोस् न ! (वेस्सन्तर बोल्दैनन्, अनि इन्द्रलाई सोध्दछिन्) भद्र, हजुरको हुनुहुन्छ ?

**इन्द्र:** म एउटा याचक हूँ ।

**मद्दी:** अनि हजुरले देख्नु भा, छ कि मेरो छोरा-

छोरी ? उनिहरूलाई के भयो ? उनिहरू कहाँ गए ? उनीहरूलाई बाघ, भालुले खायो कि लग्यो कि ? केहि त खबर होला नि ! अथवा पहाडबाट खसेर मरे कि, कि नदीले बगायो, बताइबक्स्योस् न । (इन्द्रले पनि जबाफ दिदैंन ।) मेरो प्रश्नको उत्तर हजुरसँग पनि छैन । हजुरलाई थाहा छैन, मेरा स्वामीलाई थाहा छैन । कस्लाई थाहा छ त ? हजुर पनि चुपलागि बक्स्यो । स्वामी पनि चुप लागि बक्स्यो । जरुर केहि भएको हुनैपर्छ ! (माथि आकाशतिर हेरेर) ए आकाश ! तिमीलाई थाहा छ कि ? ए हावा ! तिमीलाई थाहा छ कि ? खोइ कहाँ गए मेरा हृदयका टुक्राहरू ? मेरा हिराहरू । ए धरती ! तिमीलाई त पक्कै थाहा होला, तिमी त सबैकी आमा हौ । होइन भने तिमीहरू सबै किन चुप लागेर बसेका ? के तिमीहरूलाई आमाको माया र ममता रतिभर पनि थाहाछैन ? सबैका मुखमा बुझो लगाएको छ कि ? हे भगवान्, म कोसँग सोधूँ ! (मद्दी मुर्छ्या पर्छिन् ।)

**इन्द्र:** वेस्सन्तर ! पुत्रीको शोकले व्याकुल मद्दीको अवस्था हेरिकन हजुरलाई पश्चाताप लागेन ?

**वेस्सन्तर:** म मेरो कर्ममा विश्वस्त छु । आज्ञा होस्, हजुरलाई के चाहियो ? (मद्दी होसमा आउँछिन् ।)

**मद्दी:** प्रिय जाली, प्रिय कृष्णा, मेरा हिरा तिमीहरू कहाँ गयौ ? (वेस्सन्तरलाई भन्छिन् ।) स्वामी ! यो चुप लागेर बस्ने समय होइन । हजुर जति चुप रहनुहुन्छ त्यति नै मेरो मुटु छिया-छिया पर्छ । मलाई एक शब्दमात्र भए पनि आज्ञा होस्, बच्चाहरूलाई के भयो ? हजुर किन चुप ? के भयो हजुरलाई ? देश निकाला गरेको दु:ख र बालकहरूको अनुहार हेर्न नपाएको दु:ख भन्दा हजुर मौन रहेको दु:ख मलाई असह्य लाग्यो, स्वामी !

**वेस्सन्तर:** के स्वाँग गरिरहेकी मद्दी बेफ्वाँकमा ! बन्द गर तिम्रो संतान र लोग्नेप्रतिको कृत्रिम स्नेहको नाटक !

**मद्दी:** नाटक ?

**वेस्सन्तर:** नाटक त हो नि !

**मद्दी:** नाथ, के आज्ञा भएको हो यो ?

**वेस्सन्तर:** नाथ भनेर लोग्नेको सम्बन्ध देखाएर सती पतिब्रताको नाममा कलंकित नपार मद्दी !

**मद्दी:** अहो, म के सुनिरहेको छु भगवान । मेरो के दोष छ ? मैले के अपराध गरें ?

**वेस्सन्तर:** जंगलमा भेटिएका शिकारीहरूसँग घुमेर, ऋषिमुनिहरूसँग रसरंग गरेर आई के अपराध गरें र !





**मद्दी:** अहो प्रभु, मेरो चरित्रमा हजुरलाई शंका ?

**वेस्सन्तर:** हो, अवश्य शंका छ । नत्र सूर्य उदाउन अगावै गएकी चन्द्रमा उदाएपछि मात्र किन आइपुगेकी होली ?

**मद्दी:** स्वामी, यो हजुरको भ्रम मात्र हो । यस्तो दोषारोपणको लागि म योग्य छुइन । म त्यस्को भागिदार होइन । यस्तो मिथ्या आरोप सुन्नुपर्ने भएर नै नराम्रो सपना देखेकी हुँला, मैले । अहो...।

**वेस्सन्तर:** मिथ्या आरोप रे ! तिमी साँच्चै आमा हौ भने ! बच्चाहरूले के खायो होला ? भनेर चाँडचाडो आउनुपर्थ्यो । इमान्दार पत्नी हौ भने ! लोग्ने के गर्दैछन् होला ? भन्ने चिन्ताले पनि चाँडचाडो आउनुपर्थ्यो ।

**मद्दी:** म आउन खोजेकी थिएँ । तर बाघ, भालू, चितुवा आदि पशुहरूले बिशब्द-बिशब्द कराउँदै बाटो छेकेर बसे, प्रभु । बाटो छोड्देउ भनेर कति रोएँ, कराएँ उनिहरूको अगाडि, तर छोडेनन् । त्यसकारण म समयमा आउन सकिनँ, प्रभु । क्षमा गरिबक्स्योस् । फेरि फलफुलहरू पनि टिप्न सकिनँ । टिप्न खोज्दा फलफूलहरू मबाट टाढिन्थे, किन किन । आज जंगल नै मदेखि रिसाएको जस्तो लाग्यो । म निरपराधी क्षमा गरिबक्स्योस् ।

**वेस्सन्तर:** तिमीले कुरा बनाउनु पर्दैन । तिमीले मलाई धोखा दिन सक्दैनौ । मैले सबै कुरा थाहा पाइसकें ।

**मद्दी:** मेरो चरित्रमा हजुरलाई शंका लाग्छ भने अग्नी परिक्षा लिइबक्स्योस् मलाई । मलाई मंजुर छ ।

**वेस्सन्तर:** सुन हो कि पित्तल भनी थाहापाउन कसौटीमा घोटे पुग्छ । आगोमा पोल्नु पर्दैन । तिमी समयमा आइनपुगेको नै तिम्रो परीक्षा भयो । तिमी सुन होइनौ, पित्तल हौ । मेरो र तिम्रो बीच पति-पत्नीको नाता यहिं विच्छेद भयो । अब तिमी स्वतन्त्र छौ । तिमी यहाँबाट जान सक्छौ ।

**मद्दी:** म कहाँ जाऊँ नाथ !

**वेस्सन्तर:** जहाँ जान मन लाग्छ, त्यहीं जाऊ ।

**मद्दी:** त्यसो भए म बालकहरूको मुहार एकफेरा हेर्न पाउँ !

**वेस्सन्तर:** चाँडै नै यो अपवित्र माया-रुप मेरा बालकहरूबाट नदेखिने ठाउँमा गइहाल् ।

**मद्दी:** हे भगवान्...(मद्दी मुर्छ्या पर्छिन् । भुँइमा लड्छिन् ।)

**वेस्सन्तर:** प्रिय मद्दी ! जंगलको कठोर दु:खलाई स्वर्गको सुख अनुभूति गराउने, मेरो कर्ममा प्रेरणा दिइरहने तिमीलाई मैले धेरै अन्याय गरें । म कर्तव्यबोध, म असाध्य बिवस, मलाई क्षमा गर मद्दी, आँखा खोल त ! (मद्दी बिस्तारै उठ्छिन् ।)

**मद्दी:** स्वामी, हजुरका लाल, मेरा हिरा, जाली खोइ ? कृष्णा खोइ ? हजुर महादानी होइबक्सिन्छ । आजसम्म हजुरको अगाडि जस्ले हात फैलाए पनि हात खाली गएको छैन । कसैलाई रित्तो हात फर्काएको छैन, आज म हजुरसँग माग्छु, मलाई पनि दान दिइबक्स्योस्, मेरा छोरा खोइ, मेरा छोरी खोइ ? बताइबक्स्योस्, बस । यति दान दिएर मलाई उद्धार गरिबक्स्योस्, हजुर !

**वेस्सन्तर:** कोमल मातृ-हृदयमा बज्र-प्रहार हुने आशंकाले मैले सत्य लुकाएँ । मिथ्या दोषारोपण गरें तिमीलाई ।

**मद्दी:** मैले आफ्नो हृदयलाई कठोर बनाउनेछु, नाथ । यथार्थता बताइबक्स्योस् ।

**वेस्सन्तर:** तिमी नरोऊ, धैर्य न गुमाऊ ।

**मद्दी:** मलाई बिश्वास गरिबक्स्योस्

**वेस्सन्तर:** मैले जाली र कृष्णा यो हातले एकजना ब्राह्मणलाई दानदिएर पठाईसकें ।

**मद्दी:** अहो ! मेरो गर्भबाट जन्मेका बालकहरू बुबाको परमदानमा उपयोगी भयो । मलाई खुशी लाग्यो, स्वामी । बालकहरूको माया-स्नेहभन्दा हजुरको यस सर्बोत्तम दानले मलाई गौरवको अनुभव भयो आज । यी पुत्र-पुत्रीभन्दा अरु केहि उत्तम दान बाकि छ भने त्यो पनि दिइबक्स्योस् ।

**इन्द्र:** महारानी मद्दी अति सर्वोत्तम दान अझै बाकि छ । त्यही दान लिउँ भनेर म आएको छु यहाँ म ।

**वेस्सन्तर:** आज्ञा होस्, हजुर । हजुर अघिनै आउनुभएको, विलम्ब भयो । क्षमा पाउँ ।

**मद्दी:** चाँडै आज्ञा होस् । त्यो अति सर्वोत्तम दान के होला ? म सुन्न उत्सुक छु, ब्राह्मण !

**इन्द्र:** म बुढो भएँ, अन्नदाता ! यो मर्न लागेको अवस्थामा मलाई सुसार-कुसार गर्ने कोही पनि छैन । वृद्धावस्थाको तृष्णा अरुबेलाको भन्दा अति प्रबल हुन्छ । त्यही तृष्णाले यहाँसम्म तानिल्यायो । मेरो तृष्णा हो, रानी मद्दीदेवी माग्ने । यदि मागेर रानी मद्दी पाउनेभए म माग्छु । रानी मद्दी ! स्त्री दान नै अति सर्वोत्तम दान हो ! जसरी हात्ती दान गरेर कलिंग देश र प्रजाहरूको उद्धार भयो, सन्तान दानले जुजकको उद्धार भयो । अब स्त्री दानले म बुढोको उद्धार गरिबक्स्योस् राजकुमार !

**वेस्सन्तर:** मैले आफूसँग भएको केहि पनि लुकाएर राखेको छैन । यो हृदय दान मागे पनि म दिन तयार छु । यसकारण ब्राह्मण, हजुरलाई मद्दी दान दिने भएँ । मद्दी, यसमा तिम्रो के विचार छ ?



**मद्दी:** स्त्री भएर आफ्नो स्वामीको शुभ-कामना आफू पनि साधन हुने सौभाग्य मलाई प्राप्त भयो। म हर्ष-विभोर छु, स्वामी। आज मेरो जन्म सार्थक भयो, सार्थक, प्रिय स्वामी। हजुरको इच्छा मेरो इच्छा हो।

**वेस्सन्तर:** लिइबक्स्योस्, मेरी स्त्री दान। मलाई मन नपरेर दान दिएको नथान्नू, मद्दी मलाई मेरो प्राणभन्दा प्यारो छ। (मद्दी दान दिन्छन्।)

**इन्द्र:** वेस्सन्तर, मद्दी अब मेरो भयो।

**वेस्सन्तर:** हो ब्राह्मण, अब मद्दी हजुरको भयो, लिएर गए हुन्छ, निर्धक्क।

**इन्द्र:** ल, जाउँ मद्दी। आइन्दा तिमीले मेरो आज्ञा पालन गर्नुपर्छ। तिम्रो स्वामी म भएँ, मेरो दासी तिमी, जाउँ।

**मद्दी:** हवस् स्वामी। (वेस्सन्तरको मुहार हेर्छिन्)

**इन्द्र:** खबरदार ! त्यो कुलांगारको मुख हेर्न पाउँदैनस्। आफ्नो स्वार्थको लागि छोरा, छोरी र पत्नी समेत दान दिने नीच, पापी, दृष्ट हो यो।

**वेस्सन्तर:** लान्छना उपयुक्त हुन्छ भने शिरोपर ब्राह्मण महासय, तर म आफूलाई नीच, स्वार्थी ठान्दिन, न दुष्ट नै।

**इन्द्र:** स्वार्थ छैन भने किन के आसले यो सारा सुख वैभव दान गरेको तिमीले हँ ?

**वेस्सन्तर:** मलाई संसारको भौतिक सुख सुविस्ताभन्दा हृदयमा उम्लिरहेको अनुराग मनपर्छ ब्राह्मण। पुत्रपुत्री र स्वास्नी, आफ्नो प्राण भन्दापनि त्यो ज्ञान प्यारो छ, जसमा सबै प्राणीजनको कल्याण छ, हित छ।

**इन्द्र:** धन्य, वेस्सन्तर राजकुमार ! धन्य, हजुर देखेर म कृतार्थ भएँ। हजुरको त्याग, अनि महादानले मलाई अपार संतुष्टि दियो। हजुर तपस्वी, त्यागी, दानको सागर, ज्ञानको खानी, करुणाको प्रदर्शक, शान्ति सौरभ हुनुहुन्छ। म वरदान दिन्छु, माग वेस्सन्तर, माग।

**वेस्सन्तर:** हजुर को हुनुहुन्छ ?

**इन्द्र:** म इन्द्र। जाली र कृष्णा दान दिएपछि मद्दी पनि अवश्य दान दिनुहनेछ कसैलाई। त्यो दान कुनै चण्डालको हातमा पर्यो कि अर्थको अनर्थ हुनेछ भनि म ब्राह्मणको भेषमा तपाईको परीक्षा लिन आएको इन्द्र हूँ। वेस्सन्तर, मद्दीदेवी यसरी तुरन्त दान दिनमिल्ने उपभोग्य वस्तु होइन। तपाई जसरी दानको अवतार हुनुहुन्छ, उनि पनि

# 'सत्यतत्त्व एक चिन्तन' पुस्तक पढ्दा

✍ विष्णुगोपाल कुसी

डा. गणेश मालीद्वारा लिखित 'सत्यतत्त्व एक चिन्तन' पुस्तक सुखी हेतु नेपालद्वारा २०६० मा प्रकाशित कृति हो । बुद्ध बिहारका प्रमुख भिक्षु कोन्डण्य र सुखी होतु नेपालका भिक्षु निग्रोधको सल्लाहमा लेखक मालीले पाँच दसकको आफ्नो स्वाध्ययन, चिन्तनपछि तयार पारिएको यो कृति तेह्रौं प्रकाशन माला हो । यो पुस्तक ताइवानको द कर्पोरेट बोडी अफ द बुद्ध एजुकेसनल फाउन्डेसनबाट नि:शुल्क मुद्रण गरिएको हो ।




विचार विमर्श गर्ने एक चिन्तनशील, बौद्ध कवि एवम् लेखक मालीले बौद्ध दर्शनलाई विज्ञानसम्बन्धी जीवन पद्धतिमा ढाल्ने प्रयास गरेका छन् । बलियोले निर्धालाई बल प्रयोग गर्ने, छलकपट र हिंसा गर्ने कार्यलाई लेखक पाशविक प्रवृत्ति मान्छन् । ठूलो शक्तिको अगाडि झुक्ने र ठूलो शक्तिको भक्ति गर्ने दास मनोवृत्तिप्रति उनी घृणा गर्छन् ठूला शक्ति राष्ट्रहरूको अहङ्कारको कारण विश्व आतङ्कित भइरहेको यथार्थ कुरालाई लेखकले बिना- सङ्कोच पुस्तकमा उल्लेख गरेर आफ्नो देशभक्तको परिचय दिएका छन् ।

'सबै किसिमका पापहरू नगर्नु, कुशलहरूलाई पूर्ण गर्नु, आफ्नो चित्तलाई स्वच्छ राख्नु नै बुद्धको अनुशासन हो' पुस्तकमा उल्लेख छ । विज्ञानले अन्धविश्वासलाई गलत सावित गरेको बताउने लेखक मालीले सबै विद्वान सुकरात होइनन्, सबै अर्हत् बुद्ध होइनन् भन्दै बुद्धलाई नानाभाँतीको वर्णन गरेर बजारीकरण गरिरहेकोमा चिन्ता व्यक्त गरेका छन् । संसारमा राग, द्वेष, मोहको कारणले तृष्णामा बाँधिएर आफ्नो स्वार्थ सिद्ध गर्ने धुनमा मानिसहरू लागिरहेको हुँदा हामी एउटा न एउटा झन्झटमा लागिरहेको उनको भनाइ गलत होइन । अरूलाई अनेक लोभलालच देखाउने, थिचोमिचो गर्ने प्रवृत्तिप्रति लेखक माली असहमति जनाउँछन् । हुन पनि आज संसारमा शक्तिकै आडमा ठूला शक्ति राष्ट्रहरूले स-साना स्वतन्त्र र सार्वभौम देशहरूमा कहिले आक्रमण, कहिले नाकाबन्दी, कहिले दबाब त कहिले कुनै देशका विपक्ष दललाई उचालेर, सेना, हतियार सहयोग गरेर अशान्ति र विध्वंरा मच्चाइरहेका छन् । साम्राज्यवादी संयुक्त

त्यागको प्रतिमूर्ति हुनुहुन्छ । तपाईहरू दुबैजना अमर होउन् । केहि त माग ! म वरदान दिनलाई तत्पर छु । (वेस्सन्तर केहि पनि बोल्दैनन् ।) जो त आफै दानको खानी हो, उस्ले के वरदान माग्ला र ! म नै स्वेच्छाले दिन्छु, तपाईलाई । तपाईका छोराछोरी, मातापिता, बन्धुवान्धव, स्वजन सबैसँग चाँडै नै मिलन हुनेछ । (आकाशबाट फूल बर्सन्छन्, सबै देवी-देवताहरू हर्षले विभोर हुन्छन् र साधुवाद दिन्छन् । अनि हिमालतिर विस्तारै उदीयमान बुद्धरुपतिर फर्केर सबैले लयवद्धरुपमा गाउँछन् ।) करुणासीतल हृदय, पञ्ञापज्जोत विहतमोहतमं । सनरामरलोकगरुं, वन्दे सुगतं गतिं विमुत्तं । (यो श्लयक ३ पटक दोहोऱ्याउँछन् ।) (विस्तारै पूर्ण पटाक्षेप हुन्छ ।)

(समाप्त)

◆


## हार्दिक शुभकामना



शान्तिका महानायक गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## समाजसुधार मा.वि.

नयाँ भवन महेश्वरीस्थान, भक्तपुर

प्ले ग्रुपदेखि कक्षा ९ सम्म भर्ना लिईदैछ ।

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. दिपानन्द बज्राचार्य**

## डि. एन टेलर्स

ईताछें, मिनिबस पार्क-१, भक्तपुर
फोन नं. ६६१३१६५ (पसल) ६६११८२२ (घर)
मो.नं. ९८५१०९७९३५

मौसम अनुसारको नयाँ आकर्षक डिजाईनका उच्चस्तरीय सर्टिङ्ग सुटिङ्ग टेलरिङ्गको साथै सम्पूर्ण स्कूल तथा कलेजका ड्रेस कपडाहरु तथा तयारी शुटहरु उपलब्ध ।

## हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



प्रो. धिरेन्द्रराज शाक्य ९८४१२९९९१४
मणिकराज शाक्य ९८४१६९२५१४

## डी. एम. सुन चाँदी गहना पसल

कमलविनायक, भक्तपुर-१०

यहाँ तयारी तथा अर्डर बमोजिम सुन चाँदीका गहनाहरू बनाइनुको साथै ग्रह तथा राशीअनुसारका पत्थर पनि पाइन्छ । साथै यहाँ नाक, कान पनि छेडिन्छ ।

राज्य अमेरिकाले भेनेजुलामा निर्वाचित राष्ट्रपति माडुरोको विरोधमा स्वघोषित राष्ट्रपति बनेका विपक्षी दलका नेता गुइएडोलाई अन्धसमर्थन गरेर द्वन्द्व निम्त्याइरहेको छ, शान्ति भड्काउने काम गरिरहेको छ । मानवता, स्वतन्त्रता र प्रजातन्त्रको नाउँमा अमेरिकाले शक्तिको मातमा चढेर युद्ध थोपर्ने, आफ्नो विचारभन्दा फरक विचारका देशका राष्ट्रपति र प्रमहरूलाई देश निकाला गराउने, सत्ताच्युत गराउन र हत्यासमेत गराउने कार्य गरिरहेको यथार्थ हो ।

असामाजिक तत्त्वहरूको विरोध गर्नु, शान्तिको पक्षमा आवाज उठाउनु, भ्रष्टाचार, दुराचार, वेश्यावृत्ति, यौन शोषण, नारी दमन, शक्तिको दुरूपयोग आदि सामाजिक रोगविरूद्ध सङ्घर्ष गर्नु उनी आफ्नो कर्तव्य ठान्छन् र यसको विरोध सबैले गर्नुपर्ने तर्क अघि सार्छन् । बहुत्वको आधारमा हिन्दूत्वको छाप लगाउन नहुने तर्क अघि सार्दै उनी भन्छन्, हिन्दूधर्मको मातृदेश भारत वर्षले समेत त्यागिसकेको थोत्रो खोस्टालाई नेपालले समाइरहेको छ । राज्यले देशमा रहेको धर्मलाई सानो ठूलो मान्ने र सङ्ख्याकै आधारमा धर्मलाई काखा र पाखा गरिरहेकोमा उनी असन्तुष्ट छन् । नयाँ संविधान बनाउने क्रममा बहुत्वकै आधारमा नेपालमा जातीय प्रदेशको नामकरण गर्ने देशका ठूला दलले प्रस्ताव ल्याएकै हुन् । त्यसबेला नेपालको नाउँसमेत फेर्ने प्रस्ताव ल्याइएको थियो । देशभित्रका सबै धर्म र जातिलाई समान भावले हेर्नु नै प्रजातान्त्रिक अभ्यास हो । जसले जे पनि गर्नु र गर्न पाउनु प्रजातन्त्र र स्वतन्त्रता होइन । सभ्य, सुसंस्कृत र शिक्षित समाज बनाउन र देशभक्त नागरिक तयार गर्न सबै लाग्नुपर्छ ।

विश्वका महान विभूति बुद्धलाई विष्णुको नवौं अवतार बनाएर अध्यात्मवादीहरूको आफ्नो अखडाभित्र हुल्ने प्रयास र बुद्ध धर्मलाई भौतिकवादको अङ्ग भनेर भौतिकवादीहरूले आफ्नो अखडामा तान्ने काम गरिरहेकोमा उनी असन्तुष्ट व्यक्त गर्छन् । लेखक माली भन्छन्, बुद्ध भौतिकवादी र अध्यात्मवादी दुवै होइनन् । बुद्ध न पदार्थजस्ता भौतिक तत्त्वलाई जगतको मूल तत्त्व मान्छन् न आत्मालाई । दुखाग्निमा जलिरहेको मानव हृदयलाई शीतल पार्नु नै उनको ध्येय हो । सङ्कुचित स्वार्थले वैमनस्यता जन्माउँछ । यसले अशान्त र हिंसा निम्त्याउँछ । सङ्कुचित स्वार्थ पूरा गर्न ठूलो स्वार्थ छाड्ने या बिर्सने व्यक्तिको छाती कदापि फराकिलो हुँदैन ।

हिन्दू धर्मको विरोध गरेर बुद्ध धर्मको प्रचार हुँदैन न बुद्धधर्मको विरोध गरेर हिन्दू धर्मको प्रचार हुन्छ । आ-आफ्नो धर्म आ-आफूले ग्रहण गर्छ, ग्रहण गर्नुपर्छ । कसैले आफ्नो धर्म ग्रहण गरेकोमा या अरुको धर्म ग्रहण नगरेको आधारमा कुनै धर्मको खोइरो खन्नु बुद्धिमानी होइन । हो, लेखक मालीले भनेझैं बहुत्त्वको आधारमा राजनीतिक दलले सरकारको नेतृत्व गरेजस्तै धर्मको राज्य स्थापना गरी एउटा धर्मले विशेष अधिकार पाउने र अर्कोले नपाउने मनासिब होइन । एकले अर्कोलाई धर्मको विरोध गरेर गर्व गर्ने, मन शान्त पार्ने र आफ्नै धर्मलाई सही र अर्को धर्मलाई गलत ठानेर धर्मावलम्बीहरूबीच वैमनस्यता निम्त्याउने काम सही होइन । 'सत्यतत्त्व एक चिन्तन' पुस्तकमा बुद्ध धर्मलाई यथार्थपरक, वैज्ञानिक चिन्तनयुक्त, मानवतावादी धर्मको रूपमा वर्णन गरिएको छ । बुद्ध धर्ममा परिकल्पनाको कुनै गुञ्जायस देखिँदैन । बुद्धले भक्तिमा होइन सम्यक दृष्टिमा जोड दिन्छ । कति कुरा बाहिर धार्मिक देखिन्छन्, तर त्यही

धर्मभित्र स्वार्थ लुकेको हुन्छ ।

समाज वर्गमा विभाजित छ भन्ने कुरालाई पुष्टि गर्दै किताबमा उनी लेख्छन् "थोरै शक्तिवान धनी, शोषक वर्ग एकातिर असङ्ख्य शक्तिहीन गरिब शोषितहरू अर्कोतिर छन् ।" पुँजीवादी देश या पुँजीवादी व्यवस्थामा अल्पमत वर्गले बहुमत वर्गमाथि शासन गर्छ, गरिरहेको छ । शोषित पीडित गरिब जनताको प्रतिनिधित्व गर्ने, उनीहरूको हितमा काम गर्ने समाजवादी व्यवस्था नआएसम्म अल्पमतले बहुमतमाथि शासन गरिरहेको हुन्छ । संसार वर्गसङ्घर्षको इतिहास हो भनी सच्चा कम्युनिष्ट नेताहरूले त्यसै भनेका होइनन् । विभिन्न वादको ध्वाङ फुकेर स्वार्थ सिद्ध गर्ने तत्त्वहरूदेखि लेखक माली सचेत छन् । संसारलाई आफू आफ्नो सन्तान र दलको स्वार्थ सिद्ध गर्न थलो बनाउन नहुने उनको मान्यता या अडानले नेताहरू देश र जनताप्रति समर्पित हुनुपर्ने देखाउँछ ।

लेखक माली बौद्ध दर्शनलाई विज्ञानसँग तुलना गर्दै वैचारिक दृष्टिकोणमात्र पोख्दैनन्, शान्तिपूर्ण तरिकाले जिउन सङ्घर्ष आवश्यक ठान्छन् । बुद्ध धर्मको अस्तित्व कायम गर्न परिवर्तन आवश्यक महसुस गर्छन् । उनी बौद्धहरूमा आफ्नो धर्मलाई जोगाउन सङ्घर्ष गर्ने क्षमताको कमी भएको औंल्याउँछन् । बुद्ध धर्मलाई विज्ञानसम्मत बनाउन अन्धविश्वासबाट आफूलाई हटाउनुपर्ने विचार राख्छन् लेखक माली । मानवतावादी बुद्ध आँखा चिम्लेर कुनै कुराको विश्वास गर्दैनथे । लामो समयको परीक्षण र निरीक्षणपछि ठीक लाग्छ भने त्यसलाई ग्रहण गर्नुपर्छ भन्ने मान्यता शान्तिका अग्रदूत बुद्धको हो । यसैलाई पुष्टि गर्न लेखक मालीले कुनै वैज्ञानिकले सल्लाह दिँदैमा, कुनै शास्त्रमा लेख्दैमा, कुनै गन्यमान्य छ भन्दैमा, धेरैले मानिआएको भन्दैमा एकैचोटि विश्वास गर्न नहुने बताएका छन् । उनले राम र कृष्णको तुलना गौतमबुद्धसित गरेर र बुद्धले समय-समयमा शरीरबाट आगो, पानी वा तेजको वर्षा गर्थे भनी अलौकिक चमत्कार नदेखाउन आग्रह गरेका छन् । अलौकिक चमत्कारपूर्ण कुराले प्रभाव पर्ने जमाना अहिलेको होइन भन्ने उनको तर्क हो ।

पुस्तकमा आफ्नो बुद्धि, विवेक र श्रद्धाअनुसार आफूले चाहेको धर्म लाग्न पाउने अधिकारलाई मानवको जन्मसिद्ध अधिकार भनिएको छ । यसले आफू पहिले जुनसुकै धर्मको भए पनि इच्छाअनुसार हेरफेर गर्न पाउने सङ्केत गर्छ । मानव अधिकार भनेर छिनछिनमा धर्म फेर्न पाउने कुरा कति जायज हो ? बहसको विषय छ । इच्छाअनुसार धर्म परिवर्तन गर्न पाउने मान्यताले कुनै बेला बहुसङ्ख्यक रहेको धर्म अल्पमतमा पर्न सक्छ, अल्पमतले मानेको धर्म बहुमतको हुनसक्छ । यसले गर्दा कुनै धर्म कुनै कालखण्डमा लोप हुनसक्छ भने लोप हुन लागेको धर्म धेरैले मान्ने धर्म हुनसक्छ । यसले धर्ममा होडबाजी चल्छ । यही होडबाजीले देशमा धर्मयुद्ध हुन बेर लाग्दैन । धर्म विस्तार गर्नको निम्ति, धर्मावलम्बीहरूबीच काटमार हुने दिन आउन सकिन्छ । अनि के धर्मावलम्बीहरूबीच सधैं हानथाप गरिरहने ? धर्म धर्मबीच हानथाप गरेर देशमा कसरी शान्ति मिल्छ ? कसरी हिंसा अन्त्य हुन्छ ? बुद्धको सपना कसरी पूरा हुन्छ ?

'विज्ञान र धर्म' को लेखमा बुद्धधर्मलाई वैज्ञानिक धर्म भनिएको छ । मृत्युपरान्त शरीर छोड्ने र अर्को देहमा प्रवेश गर्ने आत्मालाई वैज्ञानिक कसीमा कस्न त्यति सजिलो छैन भन्ने कुरा 'पुनर्जन्मको परिकल्पनामा वर्णन गरिएको छ ।

वर्णन गरिए पनि लेखक बुद्धधर्ममा वर्णित कति वृत्तान्तहरू विज्ञानसम्मत नभएको स्वीकार्छन् । तर बुद्धका मूल उपदेशहरूमा वैज्ञानिकता भएको र निर्वाण मार्गमा लैजान सक्षम र विज्ञानसम्मत धर्म बुद्ध धर्म नै हो भनिएको छ ।

विगतमा आफूले गरेको पाप पखाल्न र अर्को जन्ममा सुखभोग गर्ने प्रयोजनको निम्ति धर्मलाई प्रयोग गरिएको पाइन्छ । यो विचारको समर्थन गर्ने पक्षधरहरू धर्म दर्शनको प्रचार र शिक्षा वृद्धावस्थाको लागि ठान्छन् । धर्म दर्शन र नैतिकताको अध्ययन र अभ्यास परिवार र विद्यार्थी जीवनमा नभएको गुनासो लेखकको छ । अधिकांश व्यक्तिहरूलाई कानभित्र धर्मको कुरो पसाउनुभन्दा काममामकै चिन्ता हुन्छ । नाना, छाना र दानाको जोहो गर्न नै कति मानिसलाई फुर्सद हुँदैन । अनि कसरी अन्तिम धर्म कर्मतर्फ मानिसको ध्यान जान्छ ? लेखक मानिसको सत्प्रयासमा एक दिन अवश्य सफलता मिल्ने विश्वास गर्छन् । मानव जातिलाई सत्य र शान्तितर्फ लैजाने आधुनिक वैज्ञानिक युग सुहाउँदो विशुद्ध बुद्ध धर्मलाई प्रचार प्रसार गर्ने कार्यमा पुस्तकले सहयोग गर्ने लेखक डा. गणेशबहादुर मालीको विश्वास छ । बुद्ध जन्मदा सात पाइला टेकेको वर्णन पाइन्छ । जन्मनेबित्तिकै सात पाइला टेकेर जाने सम्भावना कतिको छ । कतै जन्मनेबित्तिकै सात पाइला जति गुल्टिएर पो गयो कि ? बुद्ध भौतिकवादी र अध्यात्मवादी दुवै होइनन् भनिएको छ । मन र पदार्थ एउटै हुन् वा अलग्ग अलग्ग भनी बुद्धले आर्य सत्यको खोजी गरेको बताइएको छ । बुद्धले पदार्थ शक्तिजस्ता भौतिक तत्त्व र आत्मालाई जगतको मूलतत्त्व मानेका छैनन् । दुखाग्निमा जलिरहेको मानव हृदयलाई शीतल गर्नु नै उनको मूल ध्येय मानिएको छ । दु:खीलाई सुखी बनाउने उपाय खोज्नु र त्यस कार्यमा निरन्तरता लाग्नु एउटा पाटो हो । तर पदार्थलाई बेवास्ता गर्नु कति उपयुक्त हो ? बुद्ध अध्यात्मवाद र भौतिकवादको दर्शनको प्रचारमा नगए पनि प्रत्यक्ष या अप्रत्यक्ष ती दुई वादबाट अलग्ग छ भनेर कसरी विश्वास गर्ने ?

यो पुस्तक नि:शुल्क वितरण गरिएको छ । पुस्तकमा पहिलो लेख सत्यतत्त्व- एक चिन्तन र अन्तिम लेख किन बदलिदैन यो दुनियाँ ? रहेको छ । पुस्तकमा ४८ वटा लेख समेरिएको छ । यसबाहेक नेपालभाषाका २४ वटा थप लेख पनि सङ्ग्रह गरिएको छ । पुस्तकको पृष्ठ सङ्ख्या २७२ पेजको छ ।

◆

२५६३ औं बुद्ध जयन्तीया लसताय् सकल मानव
पिनिगु भिंगु चेतना जागृत जुइमा धका भिन्तुना देछाय च्वना ।



# भौतिकवाद र अध्यात्मवाद

धीरेन्द्रमान बिजुक्छें

वौद्ध धर्म, जैन धर्म आदि धर्महरूलाई अनिश्वरवादी वा नास्तिक धर्महरू भनिन्छन् । अध्यात्मवादी वा विशेषगरी हिन्दु धर्मालम्बीहरूले हामी, हाम्रो घर, नदी-नाला, जङ्गल, पहाड आदि पृथ्वीमा टिकेको हुन्छ भने पृथ्वी केमा टिकेको हुन्छ भन्ने प्रश्नमा बाराही भन्ने भगवानले आफ्नो थुतुनोमा राखेर पृथ्वीलाई अड्याई राखेको उत्तर दिन्छन् । कत्तिले पृथ्वी कछुवाले बोकेको र कसै कसैले कृष्णको चोर औंलामा पृथ्वी नाचेको कल्पना गर्थे र विश्वास गर्थे । अध्यात्मवादलाई आदर्शवाद र चेतना प्रधान दर्शनको रुपमा पनि प्रयोग गरेको देखिन्छ । तिनीहरूले पृथ्वी ५ अर्ब वर्ष पहिले बनेको, ब्लाक होलबाट सौर्य मण्डल बनेको हो भने कति वर्ष पहिले ब्लाक होल बनेको, ब्लाक होल बन्नु भन्दा पहिले के बनेको आदि प्रश्नहरू गर्दै जाँदा 'थाहा छैन' भन्ने उत्तर आउँछ ।

अध्यात्मवादीहरू 'थाहा छैन' नै ईश्वर हो भन्छन् । कति वर्ष पहिले सबैभन्दा पहिले के बनेको, ब्रम्हाण्ड कति वर्ष पहिले बनेको भन्ने प्रश्नहरू गर्दै जाँदा उत्तर आउनै नसक्ने र अन्तरिक्षको न शुरु न अन्त भए जस्तै श्रृष्टिको पनि न शुरु न अन्त हुन्छ भन्ने विश्वास गरेको हुनाले अध्यात्मवादीहरू रहस्यवादमा पुगे । तिनीहरू पृथ्वीबाट सूर्य कति किलो मिटर टाढा, महासागर कति किलो मिटर गहिरो, पृथ्वी कति टन गह्रौंगो आदि हिसाब किताबको प्रश्नै गर्दैनन् । तिनीहरूले पृथ्वीको जन्म वा श्रृष्टि जुन बेला भयो त्यही बेला देखि पृथ्वी अस्तित्वमा आएको भनि सजिलो उत्तर दिन्छन् ।

भौतिकवादीहरू आज नभए भोली वा एक न एक दिन 'थाहा छैन' भन्नु नपर्ने गरी वैज्ञानिक अनुसन्धान र अध्ययनले सबै कुरा पत्ता लाग्छ भनी विश्वास गर्छन् । ब्रम्हाण्ड श्रृष्टिका सिद्धान्तकार भौतिकवादी वैज्ञानिक स्टिफन हकिङ्गले त रहस्य नै नहुने गरी सबै कुरा पत्ता लाग्ने दावि गरेका थिए । सन् १९८७ मा उनले समयको अस्तित्व पनि भौतिक वस्तु ब्रम्हाण्डबाट नै भएको भन्ने प्रमाण दिने समयको संक्षिप्त इतिहास (महाविस्फोट देखि कृष्ण विवरसम्म) (A Brief History Of Time) (From the Big Bang to Black Holes) भन्ने विश्व बिख्यात एउटा पुस्तक प्रकाशित गरेका थिए ।

उक्त पुस्तक विश्वमा सर्वाधिक विक्री हुने विज्ञान पुस्तकहरू मध्ये एक हो ।

पहिले पहिले दुई मात्र सिद्धान्त भौतिकवाद (Materialism) आदर्शवाद (Ldealim) थिए भनिन्थ्यो । अपुरो समन्वय सिद्धान्त आउनु भन्दा पहिले त यो कुरो शत प्रतिशत सही थियो । बीचमा आएर भौतिकवाद र अध्यात्मवादबीच समन्वय गर्ने तेश्रो सिद्धान्त अस्तित्वमा आएको छ । समन्वय सिद्धान्त भन्नाले भौतिकवाद र अध्यात्मवाद कुन ठीक हो भन्नु भन्दा पनि यी दुवै वादहरूका राम्रा पक्षहरूलाई समेट्ने हो ।

हिन्दुहरूको एउटा शाखा राधे राधेका संस्थापक जगत् गुरू कृपालु जी 'महाराज' को अगुवाइमा भौतिकवाद र अध्यात्मवादबीच समन्व गर्ने तेश्रो सिद्धान्तको शुत्रपात भयो । उनका प्रचारकहरूले भौतिक पदार्थ पहिले कि चेतना पहिले भन्ने विषयलाई नछोइकन भौतिक वस्तुको अस्तित्व विना चेतनाको कल्पना गर्न नसकिने कुरोमा जोड् दिन्छन् । तिनीहरू के भन्छन् भने केही धर्मालम्वीहरूले **हाम्रा गुरूहरू त साँसै नफेरीकन क्यौं दिन बाँच्न सक्थें, त्यसैगरी हावा मात्र खाएर पनि बाँच्न सक्थें** भनी दावी गर्छन् । यस्मा तिनीहरूले के प्रष्ट पार्छन् भने ती गुरूहरू पल्टिरहेको हिस्सा पृथ्वीको एउटा भाग हो र पृथ्वी र हावा स्वयं भौतिक वस्तु हुन् । यस्तैगरी, हिन्दु धर्ममा पनि थुप्रै परस्पर विरोधी दर्शनहरू छन् । ती विरोधी दर्शनहरू बीच यसले समन्वय गर्ने काम गर्दैछ ।

त्यस्तै, ती प्रचारकहरूले गुरुत्वाकर्षनका जनक सर आइजाक न्युटन, सापेक्षतावादका प्रवर्तक अल्बर्ट आईन्स्टाइन जस्ता वैज्ञानिकहरू नास्तिक हुँदाहुँदै पनि पानी, हावा आदि नाश नहुने भौतिक तत्व वा अमृतलाई स्विकारेको हुनाले उनीहरू आस्तिक भएका दावा गर्छन् । भौतिकवादी वैज्ञानिकहरूले चुम्बकीय प्रवाह, गुरुत्वाकर्षण वल आदि नाश नहुने शक्तिहरू ग्रह र तारा जस्ता भौतिक वस्तुहरूबाट नै अस्तित्वमा आएका प्रमाणहरू पेश गर्छन् ।

भौतिकवादीहरूले भौतिक वस्तु नै पहिला अस्तित्वमा आएको र भौतिक वस्तु भए पछि मात्र चेतना आएको हो भन्ने कुरोलाई मान्दै आफुले देखेका भौतिक वस्तुहरू बाहेक मान्छेहरूले अरू कुराको कल्पना गर्न सक्दैनन् भन्छन् । तिनीहरूले हुनै नसक्ने कपोलकल्पित कुरामा पनि भौतिक वस्तु हुन्छ नै भन्दै एकै रातमा बालुवा सुनमा परिणत भएको, हिमालमा आगो लागेको घटना हुन असम्भव भए तापनि बालुवा, सुन, आगो, हिमाल आदि भौतिक बस्तु भएको उदाहरण दिन्छन् । जन्मै देखि अन्धाहरूले दृश्य सहित सपना देख्दैनन् । जन्मै देखि वहिराहरूले बोल्न जाँदैनन् वा लाटा हुन्छन् । देख्ने, सुन्ने सुघ्ने, स्वाद लिने स्पर्श वा अनुभव गर्ने पाँच इन्द्रियहरू नै भौतिक वस्तुहरू हुन् । रगत, फोक्सो, मुटु, मस्तिष्क आदि भौतिक वस्तुहरूको गतिबाट नै चेतना वा होशको श्रृजना हुन्छ । ती भौतिक वस्तुहरू विना चेतना वा होशको श्रृजना हुन सक्दैन ।

*२०७५ मङ्गसिर २५ भौतिकवाद र अध्यात्मवाद*

◆

# बुद्ध दर्शनलाई व्यवहारमा उतारौं

✍ राजवीर डंगोल

देशकै गौरव व्यक्तित्व, छैटौं संघनायक भिक्षु श्रद्धय अश्वघोष महास्थवीर प्रति हार्दिक श्रद्धाञ्जली र श्रदासुमन छ ।

देशले बुद्ध धर्मका गुरू एवं बुद्ध दर्शनलाई विज्ञान सम्मत प्रचार प्रसार गरी मानव जातिको उन्मुक्तिका लागि झण्डै ८० वर्षदेखि निरन्तर लागि पर्नु भएका एक बौद्ध दर्शनका, संरक्षक तथा अभिभावक गुमाएको यस घडीमा विश्व भरीकै बुद्धका अनुयायी, तथा शोकमा रहनु भएका उपासकहरु सम्पूर्णमा धैर्यधारण गर्न सकुन, शोकलाई बुद्धको उपदेशहरू प्रचारमा निरन्तर लाग्ने शक्तिमा परिणत गर्न सकुन भनि कामनाका साथ समवेदना व्यक्त गर्दछु ।

निश्चय पनि देशभरिका बुद्धका अनुयायी, बुद्धमार्गीको लागि यो क्षण पिडादायी क्षण हो । बुद्धद्वारा बुद्धवचनमा उल्लेख गरिएका तथ्य, जन्म र मृत्यु स्वयं प्रकृतिको नियम भएको र यो कसैले रोक्न नसकिने कुरो भएकोले धैर्यधारण गर्न आवश्यक छ । जीवनको ९४ वर्षमा लगभग ८ दशक निरन्तर बौद्ध दर्शनलाई वैज्ञानिक ढंगबाट विश्वका जनताकालागि आफ्ना धारणाहरू, विचार र दृष्टिकोणलाई झण्डै १५० वटा कृतिहरू मार्फत प्रचार प्रसार र ज्ञान बाँड्ने भिक्षु अश्वघोष नेपालकै गौरब पात्र हुन् । उहाँले बुद्ध धर्ममा वैज्ञानिकता भएको कुरा धेरै लेखहरुमा प्रष्ट पार्नुभएको छ, जसमध्ये बुद्धवाद, बुद्ध दर्शनबारे वहाँको विचार यहाँ चर्चा गर्न चाहन्छु ।

बुद्धवाद एक गम्भीर विषय हो । बुद्ध धर्म (बुद्ध दर्शन) वैज्ञानिक तथा व्यवहारिक छ र बुद्धधर्म अध्ययन गर्नको लागि संकुचित र संकीर्ण हृदय हुनु हुँदैन । बुद्ध धर्मको यथार्थता बोध गर्न उदार हुनुपर्छ । अनि मात्र बौद्ध दर्शन बुझ्न सजिलो हुन्छ । बुद्धवादका विशेषता बुझ्न, ११ वटा बुँदा बुझ्न जरूरी छ ।

१) देवब्रह्मादि केही अमानवाय शक्तिको सहायताबीना आफ्नै उत्साह र प्रयत्नद्वारा स्वतन्त्र विकास हुनपर्छ ।
२) अनात्मवाद अर्थात् यो शरीरमा अथवा सदाकालिक स्थायी केही चीज छैन ।
३) अनीश्वरवाद/ईश्वरलाई नमान्ने
४) अरहत्वाद (निर्दोष जीवन)
५) जाति र वर्गभेद हीनता,
६) संसारका मुख्य समस्या खाद्य,
७) समान जीविका,
८) युद्धको नाश गरेर शान्तिको स्थापना
९) सारा संसार एउटै परिवारजस्तो हुनुपर्छ भन्ने भावना,
१०) बहुजन हिताय बहुजन सुखायको उद्देश्यले काम गर्नु र गराउनु,

११) मानव चिन्ताबाट मानव मात्रको अमूल्य वस्तु सम्भनु ।

यी यावत ११ वटा तथ्यहरू बुद्धवाद (बुद्ध दर्शन) को विशेष अङ्ग हुन् । आर्थिक चिन्ताबाट मुक्त हुन उल्लेखनीय मात्र होइनन्, वास्तवमै वैज्ञानिक र व्यवहारिक पनि छन् ।

यी तथ्यहरू मध्ये म सातौं अङ्ग अर्थात् समान जीविका सम्बन्धमा विशेष जोड दिन चाहे । बुद्धवादमा समान जीविकाको अर्थ आम्दानीअनुसार खर्च गरेर जीविका चल्नु हो ।

बुद्धवादमा महत्वपूर्ण विषय हो बुद्धले कुनै पनि पुनर्जन्मको मान्दैन । फेरि कसरी पुनर्जन्मको कुरा उठ्यो ? बुद्धकालीन धेरै विद्वानहरूले गौतम बुद्धसँग प्रश्न सोधे कि तपाईं आत्मा मान्नुहुन्न तर पुर्नजन्म लिने के हो ?

१) गौतम बुद्धले उत्तरमा भन्नुभयो, "यो पुर्नजन्म लिने के हो भनी प्रश्न गर्नुभन्दा जन्म कसरी लिइन्छ भनी सोध्दा हुन्छ ।" उहाँले "पुनर्जन्म ठीक नदीजस्तो हो । गंगा र बागमतीलाई सधैं एउटै नामले पुकारिन्छ तर त्यसमा बहने पानी क्षण क्षणमा परिवर्तन भइरहन्छ अर्थात् नदीमा बहने पानी एउटै हुँदैन । हेर्दा उही पानी जस्तै देखिए पनि वास्तवमा त्यसो हुँदैन । जीवनको प्रवाह पनि यस्तै बगिरहेको एउटा गति हो ।" भन्नुभएको थियो ।

२) उहाँले अर्को उदाहरण दिनुभइ भन्नुभएको थियो, "जस्तो दूधबाट दही बन्दछ, दहीबाट घिउ, मही आदि बन्दछ । घिउ बनिसकेपछि त्यसलाई दूध दहीको नाम लिइँदैन । अघिको अस्तित्व रहँदैन । त्यस्तै जन्म बन्दछ । घिउ बनिसकेपछि त्यसलाई दूध दहीको नाम लिइँदैन । अघिको अस्तित्व रहँदैन । त्यस्तै जन्म लिइसकेपछि अघिको सम्बन्ध टुट्छ ।"

३) बुद्धले भन्नुभएको थियो, "मनुष्यले जन्म लिनलाई तीन चीजको आवश्यकता हुन्छ । स्त्री पुरुषको संसर्ग, स्त्री ऋतुमति र गन्धर्व (बीज) को उपस्थिति । यदि स्त्री ऋतुमति भएन भने तथा बीजको उपस्थिति छैन भने गर्भधारण हुँदैन । खराब चरित्रको मानिस असल चरित्रको बन्नु पनि एक प्रकारको पुनर्जन्म हो भनी बुद्धको मतानुसार मानिन्छ ।"

यसरी विज्ञान सम्मतका तथ्य परक आधारहरूबारे जनजनमा बुद्ध दर्शनलाई प्रचारप्रसार गरी हाल देशमा विद्यमान अन्धविश्वासी अर्थहीन देशीविदेशी धर्मको प्रचारप्रसार बढिरहेको समय र देशमा साँस्कृतिक अतिक्रमण भैरहेको अवस्थामा भिक्षु अश्वघोषको यी यावत विचार विश्लेषण युक्त लेख रचना र पुस्तक प्रकाशन गरी बुद्ध दर्शनलाई विश्वमा प्रचार गर्नुभएको योगदान इतिहासमा स्वर्ण अक्षरमा लेखिने छ । वहाँको अभावमा समस्त नेपाली बुद्ध दर्शनका शिष्यहरूले यो दुःखद घडीमा धैर्य धारण सँगै वहाँले देखाउनु भएको बाटोमा पाइला चाली बुद्ध दर्शनको प्रचारप्रसार गरी व्यवहारिक जीवनमा उतार्नु, देश र जनताहरूको निस्वार्थ सेवा समर्पित गर्नु नै वहाँ प्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ । अन्तमा छैटौं संघनायक भिक्षु अश्वघोष महास्थवीर प्रति श्रदासुमन ।

अस्तु !

*(बौद्ध दर्शन अध्ययन समाज भक्तपुरको आयोजनामा भएको भिक्षु अश्वघोषको स्मृति सभामा व्यक्त मन्तत्यको सार सं.)*

◆

# भिक्षु अश्वघोश : बौद्ध विज्ञानका आदर्शवादी गुरु

✍ उद्धव सुजखु, बौद्ध दर्शन अध्ययन समाज

'मानिसको कसरी मृत्यु हुन्छ यो कुनै महत्त्वको कुरा होइन तर महत्त्वको कुरा यो हो की मानिस कुन प्रकारले जीवित रहन्छ ।' हजरत अलीको यो भनाइ आज राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा परिचित श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थवीरज्यूको यस गुण स्मृति सभामा स्मरणका लागि कोट्याउन आवश्यक ठान्दछु । मानव जीवनको लागि प्रेरणाको स्रोतको रुपमा आफ्नो सम्पूर्ण जीवन जिउनु भएका भिक्षु अश्वघोष एक बौद्ध विज्ञान आदर्शवादी गुरू, नेपालका एक सिद्धहस्त, बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो । बुद्ध धर्म र बौद्ध संस्कृतिको क्षेत्रमा नथाकिकन करिब आठ दशक अनवरत लागि पर्ने भिक्षु अश्वघोष साहसिला, स्पष्ट प्रवचक, समानतावादी, धैर्यवान र निडर हुनुहुन्थ्यो । आफ्नो ज्ञान सीप र अनुभव आफूसंग मात्र नराखी देशभर फिंजाउनुपर्छ भन्ने मान्यताकासाथ अघि बढ्ने उनी अग्रणी बुद्ध धर्म प्रचार हुन् ।

वि.सं. १९८३ मां ललितपुरको ओकुबहालमा जन्मनु भएका अश्वघोषले आफू भिक्षु बनेपछि भिक्षुको कर्तव्य पालना गर्न कहिल्यै पछि परेनन् । अध्ययन, भ्रमण, प्रवचन, लेख, रचना प्रकाशन, तालिम केन्द्र सञ्चालन, विहार निर्माण र सञ्चालन आदि कार्यमा वहाँ अग्रसर हुनु भयो । व्यवहारिक तथा नैतिक शिक्षाको उपदेश बाँड्दै विश्वका विभिन्न देशमा पुग्नु भई बुद्धको सन्देश फैलाउनु भयो । आफ्नो जीवनमा १५० भन्दा बढी विभिन्न व्यवहारिक नीतिप्रधान तथा उपदेशमूलक कृतिहरू लेख्नु भयो । मानिसलाई असल बनाउन या सत्कर्ममा ल्याउनु नै वहाँको ध्यय थियो । वहाँको कृतिहरू व्यवहारिक शिक्षा प्रधान मात्रै होइन मानव मनभित्रका कलुषित भावना र हिंसात्मक प्रकृति रोक्नुपर्छ भन्ने मान्यतामा केन्द्रित छन् ।


अरूलाई उपकार गर्नु मात्र धर्म होइन अरूलाई विघ्नवाधा नपुऱ्याउनु, दुःख नदिनु पनि उनी धर्म मान्थे । आफ्नो आचरणमा राम्रो बनाउनु, सेवा भावमा समर्पित हुनु र न्याय मार्ग अवलम्बन गर्नु नै उनी बुद्ध धर्म हो भन्थे । यसरी बुद्ध धर्मको उत्थान र उन्नतिमा अविस्मरणीय योगदान गर्नुभएका छैठौं महास्थवीर अश्वघोष भन्तेले ९४ वर्षको उमेरमा वि.सं. २०७५ साल चैत २२ गते शुक्रबारका दिन निर्वाण प्राप्त गर्नु भएको खबरले हामी सम्पूर्णलाई मर्माहत तुल्याएको छ । यो शोकको घडीमा वहाँको गुणानु स्मृति स्वरुप राखिएको यो श्रद्धाञ्जली सभामा उपस्थित सम्पूर्ण महानुभावहरूमा बौद्ध दर्शन अध्ययन समाजको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

समुदाय प्रति त्यागी, दानी, उत्साही, निडर र एक सफल जीवन जीउनु हुने अश्वघोषको योगदान जनता माझ सदा चम्किरहने छ । •

कविता

# श्रद्धाञ्जली एक बौद्ध भिक्षु अश्वघोषप्रति !

✍ न्हुछेरत्न बुद्धाचार्य



हिमशिखरको काखमा रहेको
यो पुण्यभूमिका एक चेतनशील बौद्ध भिक्षु
कर्तव्यनिष्ठ, मिलनसार व्यक्तित्व भएका
यो ज्ञान भूमिका एक चम्किलो तारा !

बौद्ध धर्ममा सात दशकभरि
सेवा गरेर सामाजिक परिवर्तनको
लागि सशक्त बौद्ध विद्वान
कहलिएका
जीवनको हरेक मोडमा रतिभर नथाकी
जनसेवामा नै आफ्नो जीवन अर्पण गर्ने
प्रतिभाशाली बौद्ध भिक्षु अश्वघोष !

तिम्रो लगनशीलता, तिम्रो इमानदारिता
मानवताको एक नमुना हो
तिमीले देखाएका मानव सेवाका रेखाहरू
कोर्नेछन् भोलिका भविष्यका कर्णधारहरूले

तिम्रो सेवा, तिम्रो तपस्या ।
यो मातृभूमिको लागि एक पथ प्रदर्शक हो
सदियौंदेखि अँध्यारो पथमा
जीवनभर ज्ञानको प्रज्ञा प्रज्ज्वलन
केवल सामाजिक सेवाको लागि
तर,
यो अनित्य संसारमा
एउटा मानव समयसँगै हुर्कदै रोगव्याधिले घेरिएर
एकदिन यो नश्वर शरीरको मृत्यु वरण हुन्छ
सायद यो प्रकृतिको नियम

अनि तिम्रो अमर आत्माले
प्रत्येक धर्मका चिन्तकहरूलाई प्रेरणा दिनेछ
जनसेवा नै मानव धर्म हो

आज तिम्रो यादमा हामी शोकाकुल छौं
दिवंगत आत्माको चिरशान्तिको कामना गरी
हाम्रो यो श्रद्धा सुमन
तिमीलाई यो धरतीमा सधैं सम्झिरहनेछन्
तिमी यो आकाशमा ज्ञानको ताराझैं सधैं चम्किरहने छौ ।

***(बौद्ध दर्शन अध्ययन समाज भक्तपुरद्वारा आयोजित स्मृति सभामा चैत २८ गते वाचन गरिएको श्रद्धाञ्जली कविता )***

# भिक्षु अश्वघोषको स्मृति सभा

भक्तपुर, २८ चैत । बौद्ध दर्शनका विद्वान सङ्घनायक भिक्षु अश्वघोष महास्थवीरको बिहीबार स्मृति सभा भयो ।

बौद्ध दर्शन अध्ययन समाजको आयोजनामा भएको स्मृतिसभामा वक्ताहरूले भिक्षु अश्वघोषका योगदानबारे चर्चा गर्नुभयो ।

सरल भाषामा पुस्तक प्रकाशन गरी बौद्ध दर्शनबारे सर्वसाधारण जनतालाई बुझाउन भिक्षु अश्वघोषले गर्नुभएको योगदानको सम्झना गर्दै वक्ताहरूले भिक्षुका सकारात्मक पक्षको अनुकरण गर्नुपर्नेबारे चर्चा गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य नारायण महर्जनले बुद्धका विचारलाई दर्शनको रुपमा अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले मार्क्सवादी दर्शन र बौद्ध दर्शनबारे समानता भएको हुँदा मार्क्सवादी अध्ययनलाई बौद्ध दर्शनको अध्ययनसँग जोड्नुपर्ने विचार राख्नुभयो ।

बौद्ध दर्शनका अध्येता तथा लेखक रत्नसुन्दर शाक्यले देशका विभिन्न स्थानका सर्वसाधारण जनतासम्म बौद्ध दर्शन सरल भाषामा प्रचार गर्न भिक्षु अश्वघोषको योगदान अविस्मरणीय भएको बताउनुभयो ।

धर्म र नैतिकता नभए मानिसको जीवन रुखो हुने भन्दै शाक्यले आफैंले स-साना पुस्तकहरू प्रकाशन गर्ने भिक्षु अश्वघोषको अभ्यासलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

समाजका अध्यक्ष बालमुकुन्द बासुकलाको सभापतित्वमा भएको उक्त स्मृतिसभामा उहाँले श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको निधनबाट बौद्ध साहित्य तथा बौद्ध जगतको क्षेत्रमा अपूरनीय क्षति भएको अनुभव बौद्ध दर्शन अध्ययन समाजले गरेको छ ।

यो संसारमा कोहि पनि नित्य छैन । जन्मेपछि मृत्यु अवस्यंभावी छ । देश र समाजको लागि जीवन अर्पण गर्दै मृत्यु हुनु निर्वाण प्राप्त गर्नु हो । १६ वर्षको उमेरदेखि व्यक्तिगत जीवन त्यागेर समाजको हितको लागि निरन्तर सकृय रहन्दै निर्वाण प्राप्त गर्ने भिक्षु अश्वघोष महान छन् । सर्वप्रथम म उहाँलाई बौद्ध दर्शन अध्ययन समाजको तर्फबाट नमन गर्दै श्रद्धाञ्जली अर्पण गर्दछु । श्रद्धेय भिक्षुको पार्थिव शरिर यो संसारमा नभएतापनि हाम्रो निम्ति छोड्नुभएको उहाँको विचार तथा उपदेशहरू हाम्रो हृदय भित्र सदासर्वदा जीवन्त रहनेछ भन्नुभयो ।

काठमाडौं टोखाका राजवीर डंगोल र चन्द्रबहादुर उलकले श्रद्धेय भिक्षुबारे आ-आफ्नो धारण राख्नुभयो । साथै कवि न्हुछेरत्न बुद्धाचार्यले श्रद्धाञ्जली कविता पाठ गर्नुभयो ।

भिक्षु अश्वघोषको गएको चैत २२ गते निधन भएको थियो । •

# "मैत्रेय युवा संघको २२ औं वार्षिक उत्सव सम्पन्न"

मैत्रेय युवा संघको २२ औं वार्षिक उत्सव कार्यक्रम २०७५ फागुन २५ गते थथुबही जयकीर्ति महाविहारमा सम्पन्न भयो ।

पञ्चशील ग्रहण गरी शुरू भएको उक्त कार्यक्रममा प्रमुख अतिथि श्रद्धेय अर्जुन भन्तेबाट पानसमा दीप प्रज्वलन गरी उद्‌घाटन भएको थियो । संघका नव निर्वाचित अध्यक्ष जमुना गोसाईको सभापतित्वमा भएको उक्त कार्यक्रममा संघका उपाध्यक्ष लक्ष्मीचन्द्र बज्राचार्यले स्वागत मन्तव्य, कार्यकारिणी सदस्य लुनिभा चित्रकारले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष प्रमिला धुख्वाले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

संघका संस्थापक अध्यक्ष तिर्थराज बज्राचार्यले मैत्रेय युवा संघ थथुबहीमा बस्न आईसकेपछि थथुबही प्राङ्गणको ३ वटा जीर्ण चैत्यहरूलाई संघको अगुवाई तथा विभिन्न बौद्ध संघ संस्थाहरूको संयुक्त आयोजनमा जिर्णोद्धार सम्पन्न भएको र दिपंकर बुद्ध हाल्ने काम सम्पन्न भएको र परियत्ति शिक्षालाई व्यवस्थित रूपमा सञ्चालन गर्दै आइरहेको जानकारी दिनुभयो ।

त्यस्तै कुथुबही विकास समितिका अध्यक्ष सिद्धिरत्न शाक्यले भक्तपुर नगरपालिकाबाट भक्तपुर नगरका विद्यालयको पाठ्‌यक्रममा इतिहास, स्थानीय सीप, कला, संस्कृति, पर्यटन चाँडपर्व, खेलकूद, सरसफाई सम्बन्धी विद्यार्थीहरूलाई जानकारी दिने विषय समावेश भएको साथै बौद्ध धर्म सम्बन्धी पञ्चदान, सम्यकदान, बुद्ध जयन्ती, चुडाकर्म तथा अन्य विषय पनि पाठ्‌यक्रममा समावेश गरिने कुरा जानकारी दिनुभयो ।

त्यस्तै नेपाल परम्परागत बौद्धधर्म संघ, भक्तपुर शाखाका अध्यक्ष पुष्परत्न शाक्यले बहाबहीलाई संरक्षण गर्दै जानुका साथै परियत्ति शिक्षालाई पनि विकास गर्दै लानुपर्ने र मैत्रेय युवा संघले गर्दै आएको कार्यहरू प्रशंसनीय भएको विचार व्यक्त गर्नुभयो भने भक्तपुर बौद्ध सम्पदा संघका निवर्तमान अध्यक्ष पद्मसुन्दर शाक्यले भक्तपुरका बहाबही, चैत्य, गुम्बाहरूलाई संरक्षण गर्नु अत्यावश्यक भएको र संघको कार्यमा सक्दो सहयोग गर्दै जाने विचार व्यक्त गर्नुभयो । साथै बौद्ध संघ, भक्तपुरका सचिव सुगतरत्न बज्राचार्यले संघले गर्दै आएको कार्य प्रशंसनीय रहेको र अझ अगाडि बढ्‌न सकोस् भनी शुभ-कामना मन्तव्य दिनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि श्रद्धेय अर्जुन भन्तेले बुद्धको उपदेशलाई अझ जनमानसमा प्रचारप्रसार गर्दै जानुपर्ने, बहाबहीको विषयमा विद्यार्थीहरूले थाहा पाउनुपर्ने र परियत्ति शिक्षालाई

पनि विद्यालयहरू सम्म पुऱ्याउनुपर्ने आजको आवश्यकता भएको सान्दर्भिक मन्तव्य दिनुभयो। उक्त कार्यक्रममा उहाँले परियत्ति शिक्षालाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि मैत्रय परियत्ति केन्द्रलाई रू. ५०००।- आर्थिक सहयोग प्रदान गर्नुभएको थियो भने भक्तपुर बौद्ध सम्पदा संघका अध्यक्ष जमुना गोसाईले बौद्ध सम्पदा संघलाई कदर-पत्र प्रदान गर्नुभएको थियो।

संघका अध्यक्ष जमुना गोसाईले मैत्रेय युवा संघमा प्रवेश पछि परियत्ति शिक्षा पढी आफ्नो जीवनमा धेरै उपलविध भएको विचार व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सदस्य माइला दोङ्गले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने संघका सचिव संचित बुद्धाचार्यले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

**२०७५ देखि २०७७ सालसम्मका लागि नव-निर्वाचित कार्यसमिति**

| | |
|---|---|
| १) अध्यक्ष | - जमुना गोसाई |
| २) उपाध्यक्ष | - लक्ष्मीप्रसाद बज्राचार्य |
| ३) सचिव | - संचित बुद्धाचार्य |
| ४) कोषाध्यक्ष | - प्रमिला धुख्वा |
| ५) सदस्य | - माइला दोङ्ग |
| ६) सदस्य | - मेघना श्रेष्ठ |
| ७) सदस्य | - लुनिभा चित्रकार |

**सल्लाहकार** :

१) सत्यलक्ष्मी रंजित

२) तिर्थराज बज्राचार्य

३) राकेश अवाले

**विशेष सदस्यहरू** :

१) प्रेमशोभा बज्राचार्य

२) दानलक्ष्मी बज्राचार्य

३) गीरी श्रेष्ठ

**मैत्रेय युवा संघद्वारा सर्वशान्ति बुद्ध विहारका लागि दानप्रदान**

श्रद्धेय अर्जुन भन्तेका नेतृत्वमा माङ्सेबुङ गाउँपालिका वडा नं १ गजुरमुखी इलामको सर्वशान्ति बुद्ध विहारमा निर्माण हुन लागेको २० फिट उचाई (कूल ३० फिट) को ढलौटको बुद्ध मूर्तिका लागि मैत्रेय युवा संघले रू. २०,०००।- सहयोग गरेको छ। विभिन्न दाताहरूबाट संकलन गरी उक्त रकम मैत्रेय युवा संघका संस्थापक अध्यक्ष तिर्थराज बज्राचार्यले श्रद्धेय अर्जुन भन्तेलाई हस्तान्तरण गर्नुभएका थियो। उक्त कार्यका लागि दान दिनुहुने दाताहरू निम्नअनुसार छन् :

| | |
|---|---|
| १) मैत्रेय युवा संघ | - ५०००।- |
| २) व्याजबाट | - ३०००।- |
| ३) संचित बुद्धाचार्य | - २५००।- |
| ४) न्हुछेंकुमार लासिवा | - २०००।- |
| ५) सूर्यशोभा बज्राचार्य | - २०००।- |
| ६) विणा अवाल | - १८००।- |
| ७) लक्ष्मीचन्द्र बज्राचार्य | - १०००।- |
| ८) माइला दोङ्ग | - ७००।- |
| ९) अनु शाक्य | - ५००।- |
| १०) जमुना गोसाई | - ५००।- |
| ११) प्रमिला धुख्वा | - ५००।- |
| १२) प्रज्ञा शाक्य | - ५००।- |
| जम्मा | - २०,०००।- |

◆

# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म,
सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा '**स्वायाँ पून्ही**'को
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

## आदर्श आजाद माध्यमिक विद्यालय

भेलुखेल, भक्तपुर





शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ
महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा '**स्वायाँ पून्ही**'को शुभ
उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।







## सुगतराज शाक्य एण्ड सन्स

भक्तपुर -७, इनाचो टोल



# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म,
सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा
'**स्वायाँ पून्ही**'को शुभ उपलक्ष्यमा हार्दिक
मंगलमय शुभकामना व्यक्त गर्दछौं।






## Dibya Sweets

Itachhen, Bhaktapur-1, 01-6613702
*Quality Food For Food Health*



# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको
जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त
वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को
शुभ उपलक्ष्यमा हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

## महामञ्जुश्री ग्यास पस

इनाचो-७, भक्तपुर

# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

## कमलविनायक फर्मा

भक्तपुर -७, इनाचो टोल

# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा **'स्वायाँ पून्ही'**को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

प्रो. विकास बज्राचार्य
९८५११४३८७०

सुनिल बज्राचार्य

## दिपंकर ज्यास

इताछें-१, भक्तपुर, फोन नं. ६६१७८८९

*यहाँ अर्डरअनुसार सबै किसिमका गर-गहनाहरू बनाइन्छ ।*

# हार्दिक शुभकामना



शान्तिका महानायक गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

## बज्राचार्य ज्वेलर्स

सूर्यमढी-९, भक्तपुर

यहाँ तयारी गहना पाउनुका साथै अर्डरबमोजिम गरगहनाहरू तयार गरिन्छ ।

# हार्दिक शुभकामना

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा 'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौँ ।

## बासु माध्यमिक विद्यालय/कलेज

कालिघाट, भक्तपुर

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा
'स्वायाँ पून्ही'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*Pro. Rabin Khawalapala, Mob. 9841604466*

**Jay Harati Maa Phenyle Product**

Jhaukhel-8, Bhaktapur

***Our Services***

**Phenyle, Herpick, Colin, Acid, Lizuid soap, Flrro Cleaner, Hand Wash, Raw Matarial of Lizuid soap and Stationary Items (Reasonable Price)**

**हार्दिक शुभकामना**

शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण
प्राप्त वैशाख पूर्णिमा '**स्वायाँ पून्ही**'को शुभ उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**न्यू सुवर्ण आभुषणालय**



**हार्दिक शुभकामना**

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँ या पुन्ही' को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**देव रत्न एण्ड सन्स्**

इताछेँ, भक्तपुर-१, फोन नं. ६६१३२३५

Khwopa Trading Pvt. Ltd.
ESTD. 2075
Barahisthan, Bhaktapur
9851063275/9851133260

- Art Paper
- Art Board
- Woodfree Maplitho
- Color Paper
- Carbonless Paper
- Sticker Paper
- French Canson Paper
- Local Paper
- Indian Maplitho
- offset Ink
- Plates (Polyster/Metal)
- Chemicals
- Blanket
- Photocopy Paper

विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँ या पुन्ही' को शुभ उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

## हार्दिक शुभकामना



शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा '**स्वायाँ पून्ही**'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**धर्मराज एण्ड सन्स्**
इनाचो, भक्तपुर-७

*यहाँ अर्डरअनुसार सबै किसिमका गर-गहनाहरू बनाइन्छ ।*

## हार्दिक शुभकामना



शान्तिका महानायक गौतम बुद्धको जन्म, सम्बोधिलाभ महापरिनिर्वाण प्राप्त वैशाख पूर्णिमा '**स्वायाँ पून्ही**'को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**भक्तपुर सुन चाँदी व्यवसायी संघ**
इनाचो-७, भक्तपुर, फोन नं. ०१-६६१७७३७



विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन वैशाख पूर्णिमा 'स्वाँ या पुन्ही' को शुभ उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**गणेश ज्यासः पसः**
फोन नं. ६६१०६०१ (बालाखु) ६६११६४४ (साकोथा), ६६१५८२८ (सुकुलढोका) भक्तपुर

सुनचाँदीका नयाँ आकर्षक डिजाइनका गहनाहरू बनाउनु परेमा साथै सबै प्रकारका राशी रत्न तथा पत्थरहरू चाहिएमा सम्पर्क राख्नुहोला ।

# हार्दिक शुभकामना



विश्व शान्तिका महानायक महामानव गौतम बुद्धको २५६३ औं जन्म, सम्बोधिलाभ तथा महापरिनिर्वाण दिन बैशाख पूर्णिमा **'स्वाँ या पुन्ही'** को शुभ उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

एन.बी.थापा
९८४१२४७९६८, ९८५११३१९६८

कुबेर थापा
९८५१०४४३३९

## थापा पार्टी प्यालेस

सिपाडोल-१, भक्तपुर

शुभ-विवाह, शुभ-ब्रतबन्ध, सभा समारोह, स्टल, स्टेज, त्याम तथा कुनै पनि शुभकार्यको लागि आवश्यक सामग्रीको साथै हाफ/फुल क्याटरिङ्ग सर्भिसका लागि हामीलाई सम्झनुहोस्

जि.प्र.का., भक्तपुर द.नं. १२६/२०६९/७०

## २५६३ औं बुद्ध जयन्तीको उपलक्ष्यमा सम्पूर्ण अभिभावक, विद्यार्थी, शिक्षक, शिक्षिकालगायत शिक्षाप्रेमी महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।








**मोहन प्रजापति**

**अध्यक्ष**

**विद्यालय व्यवस्थापन समिति**

# बाल विकास इङ्गलिश सेकेण्डरी स्कूल

लिवाली, भक्तपुर, फोन नं. ०१-५१२२२२३, ०१-५१२२०८९